# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १८३ | काठमाडौं | शनिबार, १० कात्तिक २०८१ | Prabhab National Daily | Saturday, October 26, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासोरजिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com




भक्तपुरको पोटरी स्क्वायर क्षेत्रमा माटोका भाँडा बनाउँदै स्थानीय कुमाले । तिहार र छठ पर्वमा माटाका भाँडा, दियोलगायतको माग अत्यधिक बढ्ने भएकोले यतिखेर उनीहरूलाई भ्याइनभ्याइ भएको छ ।
*तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

# सुस्ताको सास्ती

## पुल बन्यो, अब लालपुर्जा र नागरिकताको आशा

नागरिकता कुर्दाकुर्दै उमेरले ७० वर्ष नाघिसक्यो । अझै पनि पाइन्छ कि भन्ने आशा मरेको छैन । लालपुर्जा र नागरिकता पाए त मर्ने बेलामा पनि शान्तिले सास जान्थ्यो कि !

■ **इन्द्रजित लोनिया**, *स्थानीय, सुस्ता*

■ **प्रगति ढकाल**



**नवलपरासी पश्चिम–** 'हमहनके नेपाली हइन, लेकिन हमनके नागरिकता नहीं बा । नहीं हमनके लालपुर्जा बा । नागरिकता लेके हमनके मरेके मन बा लेकिन खै काहुई कौनो पता नही बा' अर्थात् 'हामी नेपाली भए पनि नागरिकता छैन । अनि लालपुर्जा पनि । नागरिकता लिएर मर्न मन छ । के हुन्छ खै हेरौं ।' यो गुनासो हो, पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५, सुस्ता गाउँका स्थानीय इन्द्रजित लोनियाको । उमेरले पनि ७० वर्ष नाघिसक्यो । नागरिकता कुर्दाकुर्दै उमेर पनि ढल्किसक्यो ।

अझै पनि पाइन्छ कि भन्ने आशा मरेको छैन उनको छ । उनीसँग लालपुर्जा पनि छैन । यसले पनि उनलाई पिरोलिरहन्छ । 'लालपुर्जा र नागरिकता पाए त मर्ने बेलामा पनि शान्तिले सास जान्थ्यो कि !,' उनी भन्छन् । जीवन कष्टकरमै बितेको इन्द्रजित सुनाउँछन् । भन्नेबित्तिकै सीमा कटेर भारत आवतजावत गर्न सहज त्यति नहुने र नेपाल जोड्ने पुलसमेत नहुँदा निकै सास्ती भोग्नुपरेको उनको गुनासो छ । 'यहाँ वर्षौंदेखि बिजुली थिएन, अन्धकारमा नै बित्यो, अहिले त हाम्रो बस्ती झलमल भएको छ,' केही खुसीको भावमा उनी भन्छन्, 'अहिले त सुस्तामा पुल पनि बनिसक्यो, अब केही हुन्छ कि !'

(**क्रमशः पृष्ठ २ मा**)

# प्रदर्शन दबाउन सत्तारुढ दलको लगालग बैठक

## रास्वपाप्रति आक्रमक, माओवादीप्रति लचक



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिपक्षी दल आन्दोलनबाट सडक चर्काउन जुटेका छन् । यही बेला प्रतिपक्षीलाई सडकमा जानबाट रोक्न सत्तारुढ दलले लगालग बैठक राखेको छ । बुधबार सत्तारुढ दलमा रहेका नेकपा एमाले, नेपाली कांग्रेसलगायत दलको बैठक प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको थियो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने सहकारी ठगी आरोपमा पक्राउ परेपछि जारी प्रदर्शनबारे छलफल गर्न सत्तारुढ दल लगालग बैठकमा जुटेको हो ।

बुधबारको बैठकमा रास्वपाको प्रदर्शनलाई टिप्पणी गरेको सत्तारुढ दलले सोही दिन प्रधानमन्त्री केपी शर्मा ओलीको सम्बोधनमार्फत पनि कटाक्ष गरे । 'भ्रष्टाचार नियन्त्रण र सुशासन एकछिनको हल्लाबाजी र सुटिङ गरेर देखाउने विषय बन्नु हुँदैन । भ्रष्टाचार नियन्त्रणमा सरकारले क्यामरालाई होइन, कानुनलाई गुरु मानेको छ,' प्रधानमन्त्री ओलीले रास्वपालक्षित भनाइ राखेका थिए ।

> पछिल्ला दिनमा अनुसन्धान र अभियोजनको प्रक्रियालाई नै प्रभावित गर्ने उद्देश्यले गतिविधि सुरू भएका छन् । भीड जम्मा गरेर अनुसन्धानको प्रक्रियालाई प्रभावित गर्ने र न्यायालयमाथि दबाब दिने गतिविधि लोकतन्त्र र विधिको शासनविपरीत कुरा हो । यस्ता गतिविधिप्रति हाम्रो गम्भीर असहमति छ ।
>
> **- सत्तारूढ दल**

यसैगरी बिहीबार सत्ताको नेतृत्व गरिरहेको दुई दल एमाले र कांग्रेसले रास्वपाको प्रदर्शनलाई अवान्छित र हुलहुज्जत भएको आरोप लगाएका थिए । यही विषयमा साझा धारणा बनाउन सत्तारुढ दलले शुक्रबार पनि बालुवाटारमा बैठक राख्यो । कांग्रेस, एमाले, जनता समाजवादी पार्टी, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी सम्मिलित उक्त बैठकले रास्वपाको प्रदर्शन न्यायालयलाई नै प्रभावित पार्ने उद्देश्यले भएको ठहर गरेको छ ।

'पछिल्ला दिनमा अनुसन्धान र अभियोजनको प्रक्रियालाई नै प्रभावित गर्ने उद्देश्यले गतिविधि सुरु भएका छन् । भीड जम्मा गरेर अनुसन्धानको प्रक्रियालाई प्रभावित गर्ने र न्यायालयमाथि दबाब दिने गतिविधि लोकतन्त्र र विधिको शासनविपरीत कुरा हो,' सत्तारुढ दलले बैठकपछि जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यस्ता गतिविधिप्रति हाम्रो गम्भीर असहमति छ ।'

(**क्रमशः पृष्ठ २ मा**)

**सन्दर्भः वैदेशिक रोजगार**

# एनआरएनएको 'ग्लोबल' सम्मेलन काठमाडौंमा हुँदै

## व्यवस्थित र सम्मानजनक वैदेशिक रोजगारीको सुनिश्चितता पनि एजेण्डामा




■ **प्रभाव संवाददाता**

- कात्तिक ११ र १२ गते सम्मेलन आयोजना हुने
- स्वदेश तथा विदेशका ५०० भन्दा बढीको सहभागिता रहने
- संघका ६० भन्दा बढी देशका प्रतिनिधिहरूले प्रत्यक्ष र 'भर्चुअल' माध्यममार्फत सहभागिता जनाउने
- सातवटा प्लेनरी सत्रमा छलफल गरिने जानकारी

**काठमाडौं–** 'रूपान्तरण र एकताः श्रम, लगानी, र नागरिकताको निरन्तरता' भन्ने नारासहित काठमाडौंमा गैरआवासीय नेपाली संघ (एनआरएनए) को 'ग्लोबल' सम्मेलन हुने भएको छ । यही कात्तिक ११ र १२ गते आयोजना हुने सम्मेलनको प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम रहेको एनआएनए अन्तर र्ाष्ट्रिय समन्वय परिषद्ले जनाएको छ ।

कार्यक्रममा स्वदेश तथा विदेशका ५०० भन्दा बढी व्यक्तिको सहभागिता रहने र सातवटा प्लेनरी सत्र रहने परिषद्ले जनाएको छ। कार्यक्रमको पहिलो दिन नेपालमा आर्थिक रूपान्तरणका लागि पूर्वाधार निर्माण, गैरआवासीय नेपाली नागरिकता, मताधिकार र गोर्खा, नेपाली मूलका विदेशी नागरिक (पिएनआ), जलवायु परिवर्तनले महिला तथा बालबालिकामा पार्ने प्रभाव, समृद्ध नेपालका लागि विज्ञान, ज्ञान र प्रविधि हस्तान्तरणसम्बन्धी विषयमा छलफल हुने कार्यतालिका छ ।

यस्तै दोस्रो दिन राष्ट्र निर्माणका लागि प्रवासी युवाहरूको सशक्तीकरण, सुरक्षित, व्यवस्थित र सम्मानजनक वैदेशिक रोजगारीको सुनिश्चितता एवं सामाजिक सुरक्षा र नेपाल पर्यटन प्रवर्द्धन नीति निर्माण, अपेक्षा चुनौती र एनआरएनएको भूमिकालगायत सत्रहरू रहने छन् ।

साथै विगतमा असन्तुष्ट समूहलाई एउटै फोरममा राखी असहमति, असमझदारीलाई छलफलमार्फत समस्या समाधानका लागि आह्वान गर्दै वार्षिक साधारणसभालाई एकताको सभा बनाइने विषयमा छलफल भइरहेको एनआरएनए (केसी समूह) का अध्यक्ष डा. बन्द्री केसीले बताए ।

एनआरएनए केसी समूहका उपाध्यक्ष रामशरण सिंखडाले पनि एनआरएनएमा देखिएका कमीकमजोरीलाई सच्याउँदै सबैलाई एकतामा ल्याउने प्रयास गरिने बताएका छन् । अर्का उपाध्यक्ष डा. हेमराज शर्माले सम्मेलनले एनआरएनका लक्ष्य कार्यान्वयनका लागि मार्गदर्शन दिने बताएका छन् । सोही पक्षकी उपाध्यक्ष रोजिना प्रधान राईले जलवायु परिवर्तनका कारण महिला तथा बालबालिकामा परेको असरका विषयमा सरोकारवाला निकायसँग छलफल गरिने बताएका छन् ।

परिषद्का महासचिव गौरीराज जोशीले एनआरएन डेभलपमेन्ट फण्ड (१० अर्बको फण्ड) को सञ्चालनका लागि भइरहेको अन्तिम तयारीबारे नेपाल सरकारका मन्त्रीलगायत सरोकारवालासँग छलफल हुने जानकारी दिभएका छन् । उनका अनुसार कात्तिक १२ गते गैरआवासीय नेपाली संघको विधानअनुसार नियमित वार्षिक साधारणसभा आयोजना गरिने छ। संघका ६० भन्दा बढी देशका प्रतिनिधिहरूले प्रत्यक्ष र 'भर्चुअल' माध्यममार्फत सहभागिता जनाउने उनले बताए । साधारणसभामा सहभागी हुन गैरआवासीय नेपाली संघका अधिकांश पदाधिकारीहरू तथा साधारणसभा प्रतिनिधिहरू काठमाडौं आइसकेका छन् ।




# पाँचदिने भक्तपुर महोत्सवको तयारी

**भक्तपुर (प्रस)–** भक्तपुर नगरपालिकाले आउँदो मंसिर २८ देखि पुस २ गतेसम्म 'भक्तपुर महोत्सव, २०८१' आयोजना गर्ने भएको छ । बिहीबार नगरपालिकाले आयोजना गरेको भक्तपुर महोत्सव मूल समितिको छलफलमा समितिका अध्यक्ष एवं नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले महोत्सवको तयारी सुरु भइसकेको बताए ।

कार्यक्रममा नगरप्रमुख प्रजापतिले भक्तपुर महोत्सव भक्तपुर नगरपालिकाको मात्र नभई सिंगो भक्तपुरका जनताको महोत्सव भएको बताए । प्रमुख प्रजापतिले भने, 'भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ मंसिर २८ देखि पुस २ गतेसम्म पाँचदिने भक्तपुर महोत्सव आयोजना गर्दै छौं, भक्तपुरको मौलिक एवं ऐतिहासिक कला, संस्कृति, जात्रा, पर्व, जीवनशैली अन्तर्राष्ट्रिय जगत्मा प्रचार गर्न भक्तपुर महोत्सवको आयोजना गर्न लागेका हौं ।'

उनले महोत्सवले भक्तपुर नगरवासीको आर्थिकोपार्जन गराउने उद्देश्य लिई विभिन्न पेसा र व्यवसायीलाई सहयोग हुने अपेक्षा गरिएको बताए । कार्यक्रममा भक्तपुर नगरपालिकाकी उपप्रमुख रजनी जोशी, प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठ, भक्तपुरका प्रहरी उपरीक्षक माधवप्रसाद बुढाथोकीलगायतले भक्तपुर महोत्सवलाई शान्तिपूर्ण ढंगले सम्पन्न गर्नुपर्ने बताए ।

पृष्ठ १ बाट क्रमशः

## प्रदर्शन दबाउन...

सहकारीसम्बन्धी संसदीय छानबिन विशेष समितिका सबै सुझाव र निर्देशन सरकारले कार्यान्वयन गर्नसमेत सत्तारुढ दलले प्रतिबद्धता जनाएका छन् । बैठकपछि जारी संयुक्त वक्तव्यमा प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवा, जसपाकी सहअध्यक्ष रेणु यादव, जनमतका अध्यक्ष सिके राउत, जसपा नेपालका उपाध्यक्ष राजकिशोर यादव, लोसपा अध्यक्ष महन्थ ठाकुर र नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीले हस्ताक्षर गरेका छन् ।

यस्तो बैठक निरन्तर बस्ने सहमतिसमेत भएको गृहमन्त्री रमेश लेखकले बताए । 'यो बैठक निरन्तर बस्ने सहमति भएको छ । महिना वा १५ दिनमा सरकारमा सहभागी भएका दलबीच बैठक बस्ने र छलफल गर्ने विषयमा,' गृहमन्त्री लेखकले भने । बैठकमा प्रधानमन्त्री ओलीले लामिछानेलाई अरुसरह सजाय हुनेसमेत बताएका थिए । रास्वपाले भने प्रधानमन्त्री ओलीले विवादित व्यवसायी मीनबहादुर गुरुङबाट पार्टीको कार्यालयका लागि जग्गा दान लिएको भन्दै कीर्तिपुर वडा २ मा रहेको मैत्रीनगरमै आज प्रदर्शन गर्दै छ ।

### माओवादीप्रति लचक

नेकपा माओवादी केन्द्रले आज काठमाडौंमा प्रदर्शन गर्न लागेको छ । ओली सरकारको १०० दिन असफल भएको र भ्रष्टाचारमा डुबेको आरोप लगाउँदै माओवादीले प्रदर्शन गर्न लागेको हो । माओवादी अध्यक्ष पुष्पकमल दाहालले ओली सरकार छिट्टै ढल्ने दाबी गर्दै आएका छन् । यस विषयमा प्रधानमन्त्री ओलीले बुधबारको सम्बोधनमार्फत जवाफ दिइसकेका छन् । 'सरकार अहिले ढल्छ, भरे ढल्छ, भोलि बिहानै ढल्छ भन्नेजस्ता अफवाह पनि फैलाउने गरिएको छ,' ओलीले भनेका थिए, 'यो काम गर्न नदिने उद्देश्यले चलाइएको हल्ला हो । कांग्रेस र एमालेजस्ता इतिहास र हैसियत भएका दलहरू मिलेर बनेको सरकार ढल्ने दिवासपना कसैले नदेखे हुन्छ ।'

शुक्रबारको बैठकपछि गृहमन्त्री लेखकले पनि ओलीकै बोलीमा लोली मिलाउँदै भनेका छन्, 'एउटा निरर्थक हल्ला, भ्रमपूर्ण हल्ला अब यो सरकार बदलिन्छ । आज बदलिन्छ । भोलि बदलिन्छ भन्ने खालका जुन कुराहरू छन् । त्यसका पछाडि कुनै तर्क, अर्थ केही पनि छैन ।' यसो त सत्तारुढ दलको वक्तव्यको अन्त्यमा सडकबाट सरकारको विकल्प नखोज्न माओवादीलाई पाठ पढाएको छ । 'सडकबाट लोकतान्त्रिक व्यवस्था र सरकारको विकल्प खोज्ने कुरा कुनै पनि अर्थमा स्वीकार्य हुन सक्दैन । लोकतन्त्रको विकल्प अझ उन्नतस्तरको लोकतन्त्र हो र सरकारको विकल्प खोज्ने बाटो संसद् र नयाँ जनादेश नै हो,' वक्तव्यमा भनिएको छ, 'त्यो भन्दा भिन्न तरिकाबाट अघि बढ्ने प्रयास लोकतन्त्रको मूल्य र मान्यताविपरीत हुने कुरा स्पष्ट छ । यसप्रति सचेत र सजग रहन हामी सम्बद्ध पक्षको ध्यानाकर्षण गर्दछौं ।'

●●●

## सुस्ताको...

यसअघि नवलपरासी (पश्चिम) स्थित नारायणी नदीमा पुल थिएन । सुस्तामा पुल नहुँदा ज्यानै जोखिममा राखेर डुंगामा वारपार गर्नुपर्दा गुजारा गर्न नै गाह्रो हुने गरेको अनुभव सुनाउँछिन् सुस्ताकै मराक्षीदेवी लोनिया । 'यहाँ हामी उखु रोप्थ्यौं तर बिक्दैनथ्यो । डुंगाबाट वारपार गर्दा लड्ने डर हुन्थ्यो, भारतले पनि हाम्रो उखु किन्दैनथ्यो,' उनी भन्छिन्, 'धेरै गाह्रो भएको थियो । बल्ल पुल बन्यो, अब त पहिलाजस्तो सास्ती नहोला ।'

केही वर्ष पहिले डुंगा पल्टेरै उनको देवरको ज्यानै गएको थियो । त्यसपछि डुंगामा नदी वारपार गर्न उनलाई सधैं डर लाग्ने गर्दछ । 'त्यसपछि म त पारि नेपालसम्म नै जान डर मान्थेँ । केही पर्‍यो भने भारत जाने हो,' उनी भन्छिन्, 'अब त पुल बनेको छ, पुल तरेर पारी नेपाल जानेछौं ।' मनभरि नेपालको माया छ तर नेपाली भन्ने प्रमाण छैन मराक्षीदेवीसँग । पुल बनेपछि खुसीले गद्गद् भएकी उनलाई अब नागरिकता पाए हुन्थ्यो भन्ने लाग्छ ।

गत असोज १० गते राष्ट्रपति रामचन्द्र पौडेल सुस्ता पुगी झोलुंगे पुलको उद्घाटन गरिरहँदा सुस्तावासीले आफ्नो वर्षौंदेखिको सपना पूरा भएको अनुभव गरिरहेका थिए । अब आफूहरूले नागरिकताको विषयमा भोग्नुपरेको सास्तीको विषयमा राष्ट्रपतिले केही बोल्दिए हुन्थ्यो भन्ने आशा बोकेर कार्यक्रमस्थल आइपुगेकी थिइन्, मराक्षीदेवी । कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले भने, 'ढुक्क हुनुस् तपाईंहरूलाई नागरिकता र लालपुर्जा दुवै दिन्छौं ।' उपस्थित सर्वसाधारणहरूबाट खुसीले गडगडाहट रूपमा बेस्सरी ताली बजेको थियो ।

मराक्षीदेवीलाई नेपाली भाषा बोल्न आउँदैन । बुझ्न पनि बुझ्दिनन् । 'हमरा सरकार काकहत बानी, हमके सम्झादेइ (हाम्रो सरकारले के भन्नुभएको हो ? मलाई बुझाइदिनुस् त),' छेउमै बसेका इन्द्रजितसँग सोध्छिन् उनी । जवाफमा इन्द्रजित भन्छन्, 'नागरिकता देहेके कहत बानी अर्थात् नागरिकता दिन्छु भन्छन् ।'

अनि मुसुक्क मुस्कुराउँछिन् मराक्षीदेवी । सायद वर्षौंदेखि नपाएको नागरिकता अब पाइन्छ कि भन्ने विश्वासले होला । उनी भन्छिन्, 'हाम्रो सरकार पनि यहाँ आउनुभएछ । हामीलाई धेरै खुसी लागेको छ । हाम्रो लागि राम्रो काम गर्दिनुभयो । विद्युत् पनि ल्याइदिनुभएको छ । पुल पनि बनाइदिनुभएको छ । हामी धेरै खुसी छौं । हाम्रो लागि नागरिकता र लालपुर्जा दिलाइदिए भने अझै धेरै खुसी हुन्थ्यौं ।' सुस्ता क्षेत्रसमेतको संसद्मा प्रतिनिधित्व गर्ने विनोद चौधरी नवलपरासी पुग्नेबित्तिकै उनलाई घेरा हाल्नेको भीड हुने गर्छ । कोहीले नागरिकता, कोहीले लालपुर्जा, कोहीले शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रका समस्याहरू व्यक्त गर्दै थिए सांसद चौधरीसँग । 'सांसदज्यू हाम्रो दुःख बुझिदिनु है । हुन्न नभन्नु होला ।' बिधौती हरिजनले सांसद चौधरीलाई गरेको आग्रह हो यो ।

सांसद चौधरीले उनीहरूको मागलाई संसद्सम्म पुर्‍याउने आश्वासन दिए । ठेक्का सम्झौता भएर पनि लामो समयसम्म बन्न नसकेको सुस्ताको पुल आफ्नो पहलमा सम्पन्न भएर प्रयोगमा आएको उनले दाबी गरे ।

पुल बनेपछि अब त ज्यानै जोखिममा राखेर डुंगाको यात्रा गर्नुपर्ने दिन सकियो भनेर खुसी देखिन्छिन्, सुस्ताकै मीना चौधरी । 'हामी नेपालसँग जोडिन पाएका थिएनौं, कहिले खोलामा भेल आउँथ्यो, पारि नेपाल जानै पाइँदैनथ्यो, रातिको समयमा डुंगा चल्दैनथ्यो,' उनी भन्छिन्, 'पुल बनेको छ, अब त हामीलाई पहिलाको जस्तो सास्ती छैन ।' सुस्तालाई पनि अरू नेपालको भूमिलाई जस्तै माया गरेर सेवा सुविधाबाट बञ्चित नगराइदियोस् सरकारले भन्ने लाग्छ उनलाई । 'हामी पनि त नेपाली नै हौं, हामीलाई पनि शिक्षा स्वास्थ्यजस्ता सुविधा पाउने हक त छ नि,' मीना भन्छिन्, 'लामो समय अन्धरकारमै गुजारा गरेका थियौं, अहिले झलमल बत्तीमा बस्न पाएका छौं, अबचाहिँ अरु सास्तीबाट मुक्ति हुन पाए हुन्थ्योझैं लाग्छ ।'

रामवृक्ष चमारको पनि उही नै गुनासो छ । लालपुर्जा छैन । आफूले त कष्ट काटे पनि छोरी, नातिको पालामा सुख भइदिए पनि हुन्थ्योझैं लाग्छ । सुस्तामा जोडिएको पुलले केही आशा त जगाएको छ उनलाई । उनी भन्छन्, 'अहिले पुल बनेको छ, पारी ओहोरदाहोर गर्न पाइएको छ, अब अरु माग पनि पूरा होला कि भन्ने आशा छ ।'

अब लालपुर्जाहरू पनि समयमा नै पाउने उनको अपेक्षा छ । नागरिकता नपाउँदा राज्यबाट पाउनुपर्ने कुनै पनि सुविधा पाउन नसक्दा अझै मन विचलित छ उनको । 'हामी पनि नेपाली हौं हामीलाई पनि नागरिकता चाहिन्छ भनेका छौं,' चमार भन्छन् । नवलपरासी जिल्लाको भूमि आयोगका अध्यक्ष देवराज भण्डारीले सुस्ता पारिको हकमा मात्रै लालपुर्जामा समस्या रहेको बताए । सीमा विवाद नटुंगिएसम्म समस्या रहेको र अन्तर्राष्ट्रिय सिमानासँग जोडिएका क्षेत्रमा छुट्टै ऐन लागू हुने भएकाले लालपुर्जाको समस्या समाधान गर्न चुनौती रहेको उनको भनाइ छ ।

'नवलपरासी पश्चिमका २२ हजारसँग लालपुर्जा नै छैन, पश्चिम क्षेत्र नं. १ मा १४ हजार जानको हाराहारीमा लालपुर्जा छैन,' उनी भन्छन्, 'सांसद चौधरीको पहलमा जग्गा वितरण गर्ने कार्य सुरु भए पनि आयोग विघटन भएपछि काम रोकिएको छ ।' उनका अनुसार लालपुर्जाको समस्या विशेगरी सुस्ता गाउँपालिका, बर्दघाट नगरपालिकामा देखिएको छ । सम्पर्क तथा भू-आर्जन कार्यालय गण्डक योजना, वाल्मिकी नगर, नवलपरासीकी सम्पर्क तथा भू-आर्जन आधिकृत कमला पराजुली (तिवारी)ले सुस्ताबासीले नागरिकता, शिक्षा, सुरक्षा, स्वास्थ्य, लालपुर्जा, रोजगारीलगायतका समस्या भोग्नुपरेको बताएकी छन् । 'सुस्ता नेपाल-भारत सीमाको नजिक भएकाले, विवाह गरेर आउने र जाने चलन छ । बसाइँ सरेर आउनेको संख्या पनि छ,' उनी भन्छिन्, 'सुस्तामा बस्ने सबै सर्वसाधारणले नागरिकता पाएका हुँदैनन् । अनि राज्यको सुविधाबाट बञ्चित हुनुपरेको छ ।'

रामु ढकाल सखर स्थानीय व्यवसायी हुनुहुन्छ । सुस्ता उखुको राम्रो उत्पादन हुने ठाउँ हो । सुस्ताको उखु लैजान निकै कठिन हुने गरेको उनको भनाइ छ । 'यहाँको उखु डुंगाकै भरमा लानुपर्थ्यो, डुंगा नै पल्टिन्छ कि भन्ने डर उस्तै थियो,' उनी भन्छन्, 'उखु नै नबिकेर कतिले त धानखेती लगाउन थालेका छन् । पुल बनेपछि अब उखु नबिक्ने सास्ती हट्ने छ यहाँ । हामी व्यापारीलाई पनि सहजरूपमा पारि पुर्‍याउन सकिन्छ ।'

सुस्ता बचाउका युवा अभियन्ता कमल बत्स्याल पनि सुस्तामा शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका समस्याहरू यथावत् रहेकाले सरकारले त्यसतर्फ ध्यान दिनुपर्ने बताउँछन् । नागरिकता नै नहुँदा अनेक समस्या रहेको सरावल गाउँपालिका पूर्वअध्यक्ष राधेश्याम चौधरीको भनाइ छ । 'नागरिकता नहुँदा बैंकिङ समस्या भइरहेको छ । मानिस स्नाकोत्तर पढेका छन् । तर नागरिकता नहुँदा रोजगारीमा समस्या छ,' उनी भन्छन्, 'सामाजिक सुरक्षा भत्ता पनि पाउन सकेका छैनन् । यहाँका मानिसको मनमनमा नेपालीपन छ तर प्रमाण छैन ।' *रासस*


## युएईमा रोजगार

कम्पनी : Lion Force Security Guard Services LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/०१ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/०९ LT. No. 304766 चलानी नं. ६०२१९५२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 22 | 3 | 1200 | ४३,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366, E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

## साउदीमा रोजगार

कम्पनी : DAWAAM AL SAADAH FOR FAST FOOD EST.

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ LT. No. 312615 चलानी नं. ६०२२७१०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labor | 4 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

S.N. Recruiting Service Pvt Ltd
Govt. License 1284/074/75
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com

## कतारमा रोजगार

कम्पनी : Ramez Hypermarket

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ LT. No. 312736 चलानी नं. ६०२२७१४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 6 | 1400 | ५१,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 10 | 8 | 1000 | ३६,८८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

## युएईमा रोजगार

कम्पनी : ALWRD ALZAHRY TECHNICAL SERVICES CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०७/०८ LT. No. 312684 चलानी नं. ६०२२७१५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fixer (Semi-Skilled) | 4 | 0 | 1200 | ४३,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

SUPREME OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

## कतारमा रोजगार

कम्पनी : AL- LAA LLTNZYFAT WALKHDMAT

पूर्व स्वीकृति मिति : २०८१/०७ /०८ LT. No. 312577 चलानी नं. ६०२२७१०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GROUND STEWARD | 0 | 3 | 1000 | ३६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## ओमन/कतारमा रोजगारको अवसर

Free Visa!! Free Ticket!!

कम्पनी : AL SIRAJ HOSPITALITY MANAGEMENT SERVICES LLC, OMAN

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ LT. No. 312606 चलानी नं. ६०२२७०३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dish-washer (Restaurants & Kitchens) | 4 | 0 | 120 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreign Food Cook - Male | 6 | 0 | 150 | ५२,४०५ | | | | | | | |
| 3 | Waiter/ Waiteress Coffee Shop | 6 | 4 | 140 | ४८,९१० | | | | | | | |

कम्पनी : ROBUSTA COFFEE, QATAR

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ LT. No. 312618 चलानी नं. ६०२२७०३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BELL MAN | 1 | 0 | 2170 | ८०,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ । प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्कः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com
श्रम इजाजत नं. ८२२/०६६/०६७


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शनिबार, १० कात्तिक, २०८१

| | |
|---|---|
| **मेष** | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| **वृष** | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| **मिथुन** | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| **कर्कट** | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| **सिंह** | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| **कन्या** | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |
| **तुला** | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| **वृश्चिक** | मार्गदर्शन अनुचित लाग्नेछ । |
| **धनु** | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको |
| **मकर** | लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| **कुम्भ** | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| **मीन** | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५र४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४र४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८र४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७र८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२र४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०र४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२र४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०र४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७र४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२र४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५र४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८र४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२र४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० कात्तिक, २०८१ (२६ अक्टोबर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४८.०२ | १४८.६८ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.६६ | १७६.४४ |
| स्विस फ्रैन्क | १ को | १५७.७७ | १५८.४८ |
| अस्ट्रेलियन डलर | १ को | ९१.७४ | ९२.१५ |
| क्यानाडियन डलर | १ को | ९९.०२ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०३.३६ | १०३.८२ |
| जापानी येन | १० को | ९.१३ | ९.१७ |
| चिनियाँ युआन | १ को | १९.१० | १९.१९ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ४.०५ | ४.०६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३१.७६ | ३१.९० |
| दक्षिण कोरियन वन | १०० को | १०.०४ | १०.०९ |
| स्विडिस क्रोनर | १ को | १३.०२ | १३.०८ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.२६ | १७.३४ |
| कुवेती दिनार | १ को | ४३८.२० | ४४०.१७ |
| बहराइन दिनार | १ को | ३५५.५७ | ३५७.१६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# डेंगु नियन्त्रणका लागि देशभरका कार्यालयमा सरसफाइ अभियान

**काठमाडौं (प्रस)**– सरकारले डेंगु नियन्त्रणका लागि शुक्रबार देशभरका कार्यालयमा सरसफाइ अभियान सञ्चालन गरेको छ । सरकारले डेंगुको संक्रमण बढिरहेकाले शुक्रबारदेखि देशव्यापीरूपमा लामखुट्टेको बासस्थानको 'खोज र नष्ट गर' अभियान थालेको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले स्वास्थ्य मन्त्रालयसहित सिंहदरबारभित्रका मन्त्रालयहरू, संवैधानिक निकाय, सेना, प्रहरी, सशस्त्रलगायत विभिन्न कार्यालयका कर्मचारी सरसफाइ अभियानमा सहभागी भएको जानकारी दिए ।

स्वास्थ्य मन्त्रालयले डेंगु रोकथाम तथा नियन्त्रणका लागि हरेक शुक्रबार '१० बजे १० मिनेट' कार्यक्रममा सहभागी हुन मन्त्रालय, विभाग, निजामती कर्मचारी, सुरक्षा निकाय, सामाजिक अभियन्ताका साथै आमनागरिकलाई आह्वान गरेको छ । प्रवक्ता डा. बुढाथोकीले दसैंपछि डेंगु संक्रमित बढ्नुका साथै स्वास्थ्य संस्थामा परीक्षण गराउने र भर्ना हुनेको दर पनि बढेकाले नियन्त्रणका लागि विगतका वर्षमाझैं खोज र नष्ट अभियान सञ्चालन गरिएको बताए । उनले भने, 'आमनागरिक, सेना, प्रहरी, कर्मचारी सबैलाई यो अभियानमा सहभागी हुन अनुरोध गरेका छौं ।'

शुक्रबारमा मात्र सीमित नराखी कम्तीमा हप्तामा एक पटक भए पनि अभियानमा सहभागी भएमा डेंगु नियन्त्रण गर्न सकिने प्रवक्ता डा. बुढाथोकीले उल्लेख गरे । डेंगु संक्रमणबाट सुरक्षित हुन सरसफाइमा विशेष ध्यान दिनुपर्ने भन्दै आफ्नो गाउँटोल सफा राख्न उनले सबैलाई आग्रह गरे ।



इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)का अनुसार हालसम्म डेंगु संक्रमितको संख्या २२ हजार ८२ पुगेको छ । देशभर ७६ जिल्लामा डेंगु फैलिएको छ । काठमाडौं, कास्की, तनहुँ, चितवन र पर्वतमा संक्रमितको संख्या बढी देखिएको छ । हालसम्म डेंगुबाट ११ जनाको मृत्यु भइसकेको छ ।

डेंगु नियन्त्रणका लागि पानी जम्मा गरी राखिएका पानीको टयांकी, ड्रम, गाग्री, बाल्टिनलाई लामखुट्टे छिर्न नपाउने गरी राम्रोसँग छोपेर राख्ने, आफ्नो घर वरपर, कार्यस्थल र सार्वजनिक स्थानमा फालिएका काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, टिनका बट्टा, प्लास्टिकजन्य वस्तु तथा पानी जन्म नसक्ने अन्य भाँडा तथा सामग्रीलाई पानी नजम्ने गरी व्यवस्थापन गर्नुपर्छ ।

# पाटनको दौवहालःमा रात्रिकालीन व्यापार मेला हुने



**पाटन (ललितपुर)**– ललितपुर पाटनको दौवहालःमा रात्रिकालीन व्यापार मेला हुने भएको छ । वडा नं १६ कार्यालयले बिहीबार यहाँ पत्रकार सम्मेलन गरी दिएको जानकारीअनुसार स्थानीय जात्रा, पहिरन, पहिचान र संस्कृतिलाई उजागर गर्नुका साथै स्थानीय उत्पादनलाई बजारीकरण गर्ने अभिप्रायका साथ ललितपुर महानगरपालिकाको वडा नं १६ महिला समितिको आयोजनामा यही कात्तिक ११ र १२ गते साँझ ४ देखि ९ बजेसम्म रात्रिकालीन व्यापार मेला गर्न लागिएको हो ।

वडा नं १६ का अध्यक्ष निर्मलरत्न शाक्यले पर्यटनको प्रचुर सम्भावना बोकेको सहरमा बसेका स्थानीयलाई आयआर्जनमा जोड्न यो प्रयास महत्त्वपूर्ण हुने बताए । 'यो मेलामा हस्तकला महासंघ, पाटन पर्यटन विकास संस्थाको पनि सहयोग रहने विश्वास छ, महानगरपालिकाको दीर्घकालीन योजनालाई सहयोग पुऱ्याउने उद्देश्यअनुसार यो कदम चालिएको हो । महिलाले घरघरमा उत्पादन गरेका हस्तकलालगायत सामग्री बिक्री गरेर आर्थिकोपार्जन गर्न सक्ने अवसर मिल्ने छ,' उनले भने ।

अध्यक्ष शाक्यले यसबाट स्थानीय श्रम, सीप र क्षमताको बजारीकरण हुनुका साथै समुदायको आयआर्जनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । मेलाका समयमा सांगीतिक कार्यक्रमसमेत गरिने उनले जानकारी गराए ।

मेलामा स्थानीय हस्तकलाका सामग्री, स्थानीय नेवारी खानाका परिकार समावेश हुने आयोजकले जनाएको छ । जात्रा, पहिरन, हाम्रो पहिचान र संस्कृतिलाई प्रचारप्रसार गर्ने अभिप्रायले हुन लागेको यो कार्यक्रमलाई अझ परिस्कृत गरेर लैजाने अध्यक्ष शाक्यले बताए । आगामी वर्षदेखि मेलालाई व्यवस्थित बनाउन बृहत् रूपमा तालिका बनाएर सञ्चालन गरिने उनले जानकारी गराए ।

रात्रिकालीन व्यापार र बजारलाई प्रोत्साहन र प्रवर्द्धन गर्दै हस्तकलाको प्रवर्द्धन, स्थानीय उत्पादनको बजारीकरण र पर्यटनको विकास गर्ने उद्देश्यका साथ मेला आयोजना गर्न लागिएको मेला व्यवस्थापन समितिकी संयोजक बबिता श्रेष्ठले जानकारी गराइन् ।

'स्थानीय व्यापार वृद्धि गरी महिलाको आयआर्जन वृद्धि गर्न सानो प्रयास हो, पाटनलाई चौबीसै घण्टा जागृत गराउने उद्देश्यले यो क्षेत्रलाई उकास्न दीर्घकालीन योजनाअनुसार काम गर्ने लक्ष्यका साथ यो मेला गर्न लागिएको हो । नुनदेखि सुनसम्म पाइने व्यवस्था मिलाइने छ, ८० वटा स्टलको व्यवस्था गरिने छ, हरेक स्थलमा फरक-फरक सामान राख्ने व्यवस्था मिलाइने छ, तिहारलाई चाहिने खाद्यान्नसहित अन्य सामग्री राख्नेछौं,' उनले भनिन् ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले ललितपुरलाई 'स्मार्ट सिटी' बनाउने अभियानभित्रै 'पाटन डज नट स्लिप' अर्थात् 'पाटन सुत्दैन' योजनालाई पनि समेट्ने र त्यसका लागि आवश्यक पूर्वाधारसहित विपद् व्यवस्थापनलगायत काम गरेरमात्र घोषणा गर्ने बताउँदै आएका छन् । *रासस*

# खाँडो-जीता नदीमा पुल नहुँदा आवतजावतमा समस्या

**कुनौली (सप्तरी)**– यहाँको तिलाठी कोइलाडी गाउँपालिका-१ स्थित नाकाबाट स्थानीयवासी दैनिक सयौंको संख्यामा भारतीय बजार जान्छन् । दैनिक उपभोग्य वस्तु खरिद तथा उता रहेका आफन्तकहाँ जाने यहाँका स्थानीयको मुख्य बाटो यही हो । यही नाकामा पर्ने खाँडो-जीता नदीमा पुल नहुँदा पैदलयात्रीलाई आवतजावतमा समस्या हुने गरेको छ ।

अन्य समयमा नदीमा कम पानी भएकाले जसोतसो ओहोरदोहोर गरिए पनि वर्षायामको बेला जोखिम मोलेर आवतजावत गर्नुपर्ने बाध्यता रहेको तिलाठी कोइलाडी गाउँपालिका-१ का दीपेन्द्र यादवले बताए । 'हाम्रो दिदीबहिनी भारत बिहे गरेर गएका छन्, उताका पनि यहाँ आएका छन्, साउन भदौमा बाढीले आवतजावत गर्न सकिन्न,' उनले भने, 'तिलाठी, बेल्ही, सकरपुरा, विरपुर, लोखरमलगायत दर्जनौं ठाउँका मान्छेले यही बाटोहुँदै हिंड्नुपर्छ, अर्को बाटो जाँदा १५/२० किलोमिटर घुमेर जानुपर्छ, पुल नहुँदा धेरै समस्या छ ।'

राजविराज भन्सार कार्यालय अगाडि चार दशकदेखि चचरी (बाँसको पुल)बाट आवतजावत गरिन्थ्यो । पुल व्यक्तिगत लगानीमा बेल्हीका छेदी राय र उनपछि छोरा रामचन्द्र रायले बनाउँदै आएका थिए । नजिकका गाउँलेबाट पुल प्रयोग गरेबापत बर्सेनि धान, चामल, गहुँ लिने र टाढाका व्यक्तिले पुलपार गर्दा न्यूनतम शुल्क लिने गरिन्थ्यो ।

२०७८ जेठमा चचरी बनाउन लाग्दा भारतीय सुरक्षाकर्मीले रोकेपछि चचरी पनि छैन । 'चचरी हुँदा त्यति समस्या थिएन, वर्षायाममा साइकल मोटरसाइकल तार्न सकिन्थ्यो,' स्थानीयवासी बैजु साहले भने ।

भारतीय बजारबाट यस नाकाहुँदै आउने मालबाहक गाडी वर्षायाममा रोकिन्छन् । बाढीले विगत तीन दशकदेखि कटान हुँदा समस्या भएको तिलाठी कोइलाडी गाउँपालिका-१ का वडाध्यक्ष दिनेश्वर मिश्रको भनाइ छ । उनले यहाँ संघीय सरकारले पुल निर्माण गर्नुपर्ने बताए । उनले मितेरी पुलको अत्यन्तै आवश्यकता रहेको बताए । 'दुई देशबीचको मात्र सम्बन्ध छैन यहाँ त परिवार-परिवार, व्यक्ति-व्यक्तिको सम्बन्ध छ, त्यसलाई थप मजबुत बनाउन पनि यी समस्या समाधान हुनुपर्छ,' उनले भने । *रासस*


## युएइमा रोजगार
कम्पनी : CONCORDIA DMCC
शहर : UAE Dubai

पुर्व स्वीकृति मिति २०८०/१२/३० | पुर्व स्वीकृति मिति २०८१/०७/०९ | LT. No. 303420 | चलानी नं ६०२१८२६०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 0 | 900 | ३२,८८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, लाजिम्पाट-२, काठमाडौंमा मिति: २०८१ कात्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

GRAND SHIKHAR OVERSEAS PVT LTD
Lazimpat, Kathmandu, Tel: +977-1-4516940, Web: gso@grandshikhar.com
Govt. License 756/064/65



## कतारमा रोजगार
कम्पनी : FOREVER HOSPITALITY

पूर्व स्वीकृति मिति : २०७९/१२/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 283361 | चलानी नं. ६०१९८५२५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 0 | 1 | 1300 | ५४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 1 | 1000 | ४७,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com
Govt.Lic. No- 1168/073/074



## युएईमा रोजगार
कम्पनी : AL MATRAKAH AL ZAHABIAH TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०७/०५ | LT. No. 312538 | चलानी नं. ६०२२७१८३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician (Maintenance) | 5 | 0 | 1500 | ५४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper/labor | 5 | 0 | 1300 | ४७,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक १७ देखि २१ गते (2-6 Nov. 2024) सम्म हुनेछ ।

Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)
Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np
Lic No. 1159/074/074



## साउदीमा रोजगार
कम्पनी : Bukhamseen Industrial Company

पूर्व स्वीकृति मिति : २०८१/०७/०८ | LT. No. 312674 | चलानी नं. ६०२२७१३४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 3 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

Green Star Overseas Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com
श्रम इजाजत नं. २५७/०५८/०५९



## साउदीमा रोजगार
कम्पनी : DKN Engineering Construction Industrial & Trading Co. Ltd.

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312760 | चलानी नं. ६०२२७१५८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 15 | 0 | 1320 | ४७,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

GROWTH PROCESS INTERNATIONAL EMPLOYMENT PVT. LTD.
Basundhara–03, Kathmandu, Nepal Phone : +977-01-4383347,
E-mail: growth_processintl@yahoo.com, growthprocessintlemp@gmail.com
Govt. License 518/061/062



## नेपाल सरकार
## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
## सडक विभाग
## हेभी ईक्वीपमेण्ट डिभिजन, मिनभवन, काठमाडौं ।

**मालसामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८१।०७।१० गते)

यस डिभिजनलाई आबश्यक पर्ने तपसिल बमोजिमका मालसामान सप्लाई गर्न योग्य तथा इच्छुक फर्महरुबाट निम्न बमोजिमको सिलबन्दी दरभाउपत्रहरु आह्वान गरिएको छ । सूचना प्रकाशन भएको मितिले १५औ दिनसम्म कार्यालय समय भित्र दरभाउपत्रदाताले तोकिएका कागजातका साथै दरभाउपत्र खरिद गर्न लाग्ने दस्तुर बुझाई यस डिभिजनबाट दरभाउपत्र फारम प्राप्त गर्न सकिनेछ ।

| सि.नं. | ठेक्का नं. | विवरण | दरभाउपत्र फारम दस्तुर रु | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| 1 | HEDKTM/SQ/ GOODS/01/ 2081-082 | Re. Automotive Goods – One Lot | १,०००. | ४००००। | विस्तृत विवरण दरभाउ पुस्तिकामा उल्लेख गरिएको छ । सि.नं. १ को सूचना दोस्रो पटक प्रकाशित गरिएको छ । |
| 2 | HEDKTM/SQ/ GOODS/02/ 2081-082 | Lubricants - One Lot | १,०००. | ४००००। | |
| 3 | HEDKTM/SQ/ GOODS/03/ 2081-082 | Spare Parts of Isuzu Vehicles - One Lot | १,०००. | ४००००। | |
| 4 | HEDKTM/SQ/ GOODS/04/ 2081-082 | Spare Parts of Ford Vehicles - One Lot | १,०००. | ४००००। | |
| 5 | HEDKTM/SQ/ GOODS/05/ 2081-082 | Spare Parts of Nissan Vehicles - One Lot | १,०००. | ४००००। | |

**नोट : विस्तृत सूचनाका लागी यस कार्यालयको सूचना पाटी वा यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।**



## युएईमा रोजगार
कम्पनी : POWER RECRUITMENT LLC

पूर्व स्वीकृति मिति : २०८०/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 302695 | चलानी नं. ६०२१७५३०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 30 | 0 | 1200 | ४३,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Shuttering Carpenter | 50 | 0 | 1200 | ४३,९४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

SAGARMATHA OVERSEAS PVT.LTD.
Anamnagar 29 Kathmandu, Nepal Tel +977-01-5913446,
E-mail: Sagarmathaoverseas2023@gmail.com
Govt. License 1601/079/080



## साउदीमा रोजगार
कम्पनी : Taste and Secret Catering Establishment

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312757 | चलानी नं.६०२२७१५३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Tools Cleaning Worker | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 1 | 0 | 1200 | ४२,६०० | | | | | | | |
| 3 | Server,food And Beverage Dept | 1 | 0 | 1200 | ४२,६०० | | | | | | | |

कम्पनी : Burj Twayah Beverage Establishment
पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 312650 | चलानी नं.६०२२७१५४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al-Massira Works Company Limited
पूर्व स्वीकृति मिति : २०८१/०७/०५ | LT. No. 312433 | चलानी नं. ६०२२७१५५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com
श्रम इजाजत नं.११४२/०७३/०७४



## साउदीमा रोजगार
कम्पनी : Glory Places Café for Drinks Services

पूर्व स्वीकृति मिति : २०८१/०७/०८ | LT. No. 312676 | चलानी नं. ६०२२७१५७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 1 | 0 | 1300 | ४६,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tea & Coffe Maker | 1 | 0 | 1300 | ४६,५५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

Al Amal Overseas Pvt. Ltd.
Samakhusi-26, Kathmandu, Nepal +977-1-4960015, 4966061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com, Website : alamaloverseas.com
Govt. License No. 1345/074/075



## कतारमा रोजगार
कम्पनी : HAFAWA HOSPITALITY AND EVENTS

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312738 | चलानी नं.६०२२७१५०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour/labor Services | 0 | 2 | 1000 | ३६,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FARM 1381 HEIRS: RASHID ALI RASHID AL SUWAIDI
पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312739 | चलानी नं.६०२२७१५१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farmer | 10 | 0 | 1000 | ३६,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

ASLIYA MANPOWER SUPPLY PVT. LTD.
Kathmandu Metropolitan City-9, Gairigaun, Bagmati Province
Phone No. 9843148012, 9707934456
श्रम इजाजत नं. १६६९/०८०/०८१



## साउदीमा रोजगार
कम्पनी : Operational Business Gate for Operation & Maintenance Co

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312764 | चलानी नं. ६०२२७१५९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 20 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २० गते (5th Nov. 2024) मा हुनेछ ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५



## साउदीमा रोजगार
कम्पनी : Arab Axced Est for Operation and Maintenance,

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 312652 | चलानी नं. ६०२२७०६०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 4 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

Career International Services (P.) Ltd.
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com
License No. : 646/063/064



## साउदीमा रोजगार
कम्पनी : Noura Bint Manee Bin Mohammed Al Khalifa Juices

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 312570 | चलानी नं.६०२२७१३१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sweet Maker | 5 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Additional Solutions Company for Facilities Management
पूर्व स्वीकृति मिति : २०८१/०७/०८ | LT. No. 312662 | चलानी नं.६०२२७१२६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Worker | 4 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

DESTINY HR GROUP (P) LTD (Wide Range H.R. Pvt. Ltd)
Sinamangal-9, Kathmandu, Nepal. Phone: 01-5913085, 01-5914085,
Mobile: 9851164801, Email: destinyhrgrp2079@gmail.com
श्रम इजाजत नं. १५५२/०७९/०८०



# वरदान बन्दै त्रिविको अनलाइन कक्षा

भौतिक कक्षामा भन्दा अनलाइन कक्षामा हाजिर हुर्नुपर्ने, दिइएका गृहकार्य गर्नैपर्ने, तोकिएकै दिन बुझाउनैपर्ने र शिक्षक-विद्यार्थीका सबै गतिविधि श्रव्यदृश्य रेकर्ड हुने कारण सही अर्थको पठनपाठन हुने सम्बन्धित शिक्षक विद्यार्थी बताउँछन् ।

**रूपेस आचार्य / काठमाडौं**


कीर्तिपुरको एक विद्यालयमा अध्यापन गरिरहेका राजकुमार प्याकुरेल शिक्षाशास्त्र संकायअन्तर्गत समाजशास्त्र (एमएसएसइडी) को अनलाइन कक्षा लिइरहेका छन् । थप शैक्षिक उपाधि चाहिएपछि भौतिकरूपमा कक्षामा उपस्थित हुन नसकेपछि उनी अहिले अनलाइन कक्षामा जोडिएर अध्ययन गरिरहेका छन् ।

कक्षामा भौतिकरूपमा उपस्थित हुन नसक्ने आफूजस्ता धेरैलाई त्रिभुवन विश्वविद्यालयले सुरु गरेको अनलाइन कक्षा निकै उपयोगी रहेको उनी बताउँछन् । 'टाढाबाट पनि पढ्न मिल्ने, दिउँसो आफू अरु काममा व्यस्त हुने हामी जस्तालाई यो कक्षा वरदान सवित भएको छ,' उनी भन्छन् । आफूहरू अनलाइन कक्षाको पहिलो समूह भएकाले पाठचपुस्तक हात नपरे पनि आफूले खोजर पढ्ने बानीको विकास भएको उनको भनाइ छ ।

अर्का विद्यार्थी ज्ञानु पहाडी अन्य पेसामा रहेका विद्यार्थीलाई काम नछोडी शैक्षिक उपाधि दिलाउन अनलाइन कक्षा राम्रो विकल्प भएको बताउँछन् । इन्टरनेट र उपयोगी मोबाइल फोन नहुँदा भने यो चुनौतीपूर्ण हुन जाने पनि उनको धारणा छ । कुनै दिन अनलाइनका कक्षा लिन नभ्याइएमा डिजिटल रेकर्ड हेरेर उक्त छुटेको कक्षा लिन सकिने उनी बताउँछन् । 'हामीले विभिन्न स्रोतबाट अध्ययन सामग्री खोज्छौं र शिक्षकलाई देखाउँछौं । उनीबाट यससम्बन्धी मार्गदर्शन पाएपछि त्यसै अनुसार सच्च्याउँछौं,' उनले भने ।

समयसमयमा हुने बन्द हड्ताल, परीक्षा केन्द्र तोकिने, क्याम्पसको आन्तरिक विवाद आदि अनेकौं कारणले नियमित कक्षा नहुने, भएकै कक्षामा पनि विद्यार्थीको उपस्थित न्यून रहने गरेको छ । शिक्षकको अनुपस्थितिका कारण पनि कयौं दिनसम्म कक्षा नहुने समस्या अनलाइन कक्षाले समाधान दिएको छ । भौतिक कक्षामा भन्दा अनलाइन कक्षामा हाजिर हुर्नुपर्ने, दिइएका गृहकार्य गर्नैपर्ने, तोकिएकै दिन बुझाउनैपर्ने र शिक्षक-विद्यार्थीका सबै गतिविधि श्रव्यदृश्य रेकर्ड हुने कारण सही अर्थको पठनपाठन हुने सम्बन्धित शिक्षक विद्यार्थी बताउँछन् ।

त्रिविमा अनलाइन कक्षाको सुरुआत कोभिड-१९ का कारण सन् २०२० को सुरुतिर अर्थात् बन्दाबन्दी हुनुभन्दा एक महिनाअघि भएको हो । त्यतिबेला देशमा कतै पनि अनलाइन कक्षाबारे सोचाइ नै रहेको थिएन । त्यसबेला दूर शिक्षासम्बन्धी एक प्रयोगका रूपमा त्रिविको शिक्षाशास्त्र संकायले एमएड तहको कार्यक्रम इन्टरनेट प्रविधिको माध्यमबाट सञ्चालन गर्ने तयारी गरिरहेको थियो । त्यसको केही महिनापछि नै बन्दाबन्दी भएकाले भौतिक उपस्थितिमा अध्ययन अध्यापन सम्भव भएन । त्यसपछि त अनलाइन कक्षा नै अनिवार्य विकल्प बन्न पुगेको थियो । विश्वविद्यालयदेखि विद्यालय तहसम्म अनलाइन कक्षाबाटै पठनपाठन हुन थाल्यो ।




## घरै बसेर विश्वविद्यालयको उपाधि

पछिल्ला केही वर्षयता विश्वविद्यालयका विद्यार्थीहरूमा भर्ना हुने दिन क्याम्पस जाने र त्यसपछि एकैपटक जाँच दिने प्रवृत्ति बढ्दै गएको छ । आफ्नै बाध्यता वा क्याम्पसका कारण विद्यार्थीलाई भर्ना भएपछि कक्षा लिनुपर्छ भन्ने सोच विस्तारै हराउँदै जाँदा पछिल्लो समय विद्यार्थीको उपस्थिति पातलिँदै गएको छ । कतिपय विद्यार्थीमा पढ्नभन्दा अरु उद्देश्यले भर्ना हुने प्रवृत्ति नभएको होइन । त्यसैले कक्षामा देखिने संख्याभन्दा परीक्षा दिने बेलामा विद्यार्थीको संख्या उल्लेखनीय रूपमा बढी हुन्थ्यो ।

सेमेस्टर प्रणाली लागू भएपछि त्यो समस्या त समाधान भयो तर ८० प्रतिशत हाजिरी अनिवार्य, आन्तरिक मूल्यांकनको अंकभार नै ४० प्रतिशत गरिएका कारण विद्यार्थी संख्या नै घट्दै गयो । कक्षामै उपस्थित भएर पढ्न धेरै विद्यार्थीलाई समस्या रहेछ भन्ने देखियो । त्यसैले घर वा कार्यस्थलमै रहेर पनि विश्वविद्यालयका कक्षा लिन सकिने विकल्पको रूपमा अनलाइन कक्षाप्रति आकर्षण बढेको हुनसक्ने विश्वविद्यालयको शिक्षाशास्त्र संकायअन्तर्गत राजनीतिशास्त्र विभागका पूर्वप्रमुख केशवराज पौडेल बताउँछन् । अनलाइनमा पढाउँदा हरेक कक्षाको डिजिटल रेकर्ड हुने भएकाले शिक्षकले पढाएको कुरा र विद्यार्थीले त्यस कक्षामा गरेको अन्तरक्रियासमेतको अभिलेख बस्छ । 'विद्यार्थी र शिक्षक कसैले पनि ढाँट्न सक्ने अवस्था रहँदैन,' उनले भने ।

यसका साथै विद्यार्थीले दिइएका गृहकार्य तत्काल बुझाउनुपर्ने र शिक्षकले त्यसमाथि गरेको मूल्यांकन पनि डिजिटलमै राख्नुपर्ने भएकाले अन्यथा नहुने हुँदा यसको प्रभावकारिता रहेको उनको भनाइ छ । कक्षामा विद्यार्थीको उपस्थिति, उसको सक्रिय सहभागिता, आन्तरिक मूल्यांकन र दिइएका अंकबारे कसैले प्रश्न उठाएमा वा उजुरी परेमासमेत श्रव्यदृश्यसहितको प्रमाण पेस गर्न सकिने उनी बताउँछन् ।

## काम गर्दै डिग्री खोज्नेहरूका लागि उपयोगी

अनलाइन कक्षा एउटा मोबाइल वा ल्यापटप कम्प्युटरको माध्यमबाट इन्टरनेट पुगेको देशको जुनसुकै कुनाबाट पनि लिन सकिन्छ । काम वा अन्य कारणले आफू बसेको स्थान छोडेर विश्वविद्यालयका कक्षामा उपस्थित हुन नसक्ने विद्यार्थीका लागि निकै प्रभावकारी रहेको प्राध्यापक पौडेलको भनाइ छ । 'खासगरी आफ्नो शैक्षिक योग्यता बढाउन चाहने तथा कक्षामा उपस्थित हुन नसक्नेलाई यसले उपयुक्त विकल्प दिन्छ,' उनले भने ।

विगतमा जागिरेहरूले काम गर्दै पढ्दा कतिपय अवस्थामा कक्षा लिएको र कार्यालयमा हाजिर गरेको दिन एउटै परेर समस्या सिर्जना हुने र अख्तियारमा उजुरीसमेत लाग्ने गरेकोसमेत उनले उल्लेख गरे । 'तर, यसमा अनलाइन कक्षा भनेरै शैक्षिक उपाधि दिइने हुँदा कर्मचारीले कार्यालय समयमा पढ्न गएको वा कक्षा नलिई शैक्षिक उपाधि लिएको भन्ने दोष रहँदैन,' उनले थपे । विद्यार्थीले घरमा, यात्रामा वा कुनै पनि ठाउँमा कक्षा लिन सक्दछन् ।

## घरपायक परीक्षा केन्द्र

भौतिक कक्षामा जस्तो पढेका क्याम्पसका लागि तोकिएकै केन्द्रमा पुग्नुपर्ने बाध्यता पनि यसमा विद्यार्थीलाई छैन । नयाँ कार्यविधिअनुसार विद्यार्थीले आफूलाई पायक पर्ने ठाउँको स्नातकोत्तर तह अध्ययन हुने क्याम्पसमा गएर यसको प्रवेश परीक्षा दिन पाउँछन् । देशभर १०८ स्थानमा रहेका क्याम्पसमध्ये कुनै पनि क्याम्पसबाट उक्त परीक्षा दिन सकिन्छ । सुरुमा भर्ना हुन भने विद्यार्थीले विभागसँग समन्वय गर्नुपर्छ । भर्नापछि प्रत्येक सेमेस्टरको सुरुमा र अन्तिम परीक्षाअघि गरी दुईपटक प्रत्यक्ष उपस्थितिको कक्षा सञ्चालन गरिन्छ । यसबाट शिक्षक-विद्यार्थीबीच राम्रोसँग अन्तरक्रिया हुने छ ।

कक्षाका लागि सुरुमा माइक्रोसफ्ट एप्लिकेसनबारे विद्यार्थीलाई जानकारी दिइन्छ । त्यसपछि उनीहरूलाई कक्षामा कसरी बस्ने, आएका डिजिटल पाठ्यसामग्रीलाई कसरी लिने र गृहकार्य सम्बन्धित शिक्षकलाई कसरी बुझउने भन्ने पनि सिकाइन्छ । साथै, विद्यार्थीले आफूले दिएको उत्तर र त्यसबापत शिक्षकले दिएको अंक तत्कालै हेर्न र थप छलफल गन पाउँछ । अनलाइन कक्षा पढ्ने त्रिविका विद्यार्थीलाई अहिले माइक्रोसफ्टले एक टेराबाइट स्थान उपलब्ध गराएको छ । इन्टरनेटकै माध्यमबाट विद्यार्थीले त्रिविको केन्द्रीय पुस्तकालय, भारतको दिल्ली विश्वविद्यालय, जवाहरलाल नेहरू विश्वविद्यालयलगायत थुप्रै देशका विश्वविद्यालयका दुई लाखभन्दा बढी डिजिटल स्रोतको प्रयोग गर्न सक्ने छन् ।

अनलाइन कक्षाको सुविधाका कारण शिक्षाशास्त्र, राजनीतिशास्त्र, अंग्रेजी, नेपाली, समाजशास्त्रअन्तर्गतका १५ वटा विषय विभागहरूले अनलाइन कक्षा सुरु गरेका छन् । सबैतिर गरी हाल ३०० जनाभन्दा बढी विद्यार्थी अनलाइन कक्षामा जोडिएका छन् । यसको प्रभावकारिता देखेर विज्ञानजस्ता प्रयोगशाला आवश्यक भएका विषयबाहेक त्रिविका अन्य संस्थान र संकायले पनि अनलाइन कक्षा सुरु गर्न खोजेको प्राध्यापक पौडेलले जानकारी दिए । शिक्षाशास्त्र संकाय प्रमुख प्राध्यापक डा. शम्भु खतिवडाका अनुसार गत वर्ष शिक्षाशास्त्र संकायकै अंग्रेजी र गणित कार्यक्रममा अनलाइन माध्यमबाट भर्ना लिन सुरु गरिएको हो । स्नातकोत्तर तहको सामाजिक अध्ययनमा भने प्रत्यक्ष भर्नामात्र लिइएको थियो ।

राजनीति संकायले बल गरेरै अनलाइन चलाउँदा विद्यार्थी संख्या पाँचबाट बढेर ५५ पुग्यो । अहिले त्रिविमा सामाजिक अध्ययनको तेस्रो वर्ष चलिरहेको छ । पहिलो वर्षमा १२०, दोस्रोमा १३५ र तेस्रो वर्षमा ६० जना भर्ना भएर परीक्षासमेत दिइसकेका छन् ।

## भौतिक व्यवस्थापन मुख्य चुनौती

प्रविधिकै सहयोगमा चलाउनुपर्ने हुँदा अनलाइन कक्षा सञ्चालन त्यति सजिलो भने छैन । 'विद्यार्थी र शिक्षक दुवैसँग अनलाइन कक्षाका लागि उपयुक्त हुने स्मार्टफोन वा ल्यापटपसँगै भरपर्दो इन्टरनेट अनिवार्य हुन्छ । पढाउन सर्वाधिक सहज हुने स्मार्टबोर्ड नै चाहिने हो तर ती सबै कुरा सबै ठाउँमा सहज हुँदैन, शिक्षकको व्यक्तिगत ल्यापटप प्रयोग गरेर यो सबै गरिरहेका छौं,' प्राध्यापक पौडेल भन्छन् ।

प्रत्यक्ष कक्षा लिनका लागि त्रिविले नियुक्त गरेका शिक्षक र प्राध्यापकहरूलाई अनलाइन कक्षाका लागि अनुकूल हुनेगरी आवश्यक तालिम दिनुपर्ने हुन्छ । अनलाइन कक्षाको अर्थ इन्टरनेटमार्फत जोडिनुमात्र नभई कक्षालाई कसरी सहज ढंगले सञ्चालन गर्ने, विद्यार्थीलाई गृहकार्य र पाठ्यसामग्री कसरी दिने आदि विषयमा पनि व्यावसायिक तालिम दिनुपर्ने हुन्छ ।

'कक्षालाई बढीभन्दा बढी अन्तरक्रियात्मक बनाउन शिक्षकलाई प्रविधिसँग पूर्ण अभ्यस्त बनाउनैपर्छ,' शिक्षाशास्त्र संकाय प्रमुख प्रा.डा. खतिवडा बताउँछन् । प्रविधिमा अभ्यस्त भएका शिक्षकले प्रभावकारी कक्षा लिएको तर अभ्यस्त नभएका कतिपय शिक्षकलाई प्रस्तुतीकरणमा समस्या रहेको उनको भनाइ छ । त्रिविको नियमित बजेटबाट अनलाइन कक्षाका सबै आवश्यकता पूरा गर्न सम्भव नभएको डा. खतिवडा बताउँछन् । *रासस*

# 'दुखियाको हाँसोमा ईश्वरको बास'

**सञ्जीतकुमार मण्डल / जलेश्वर**

वर्षभरि विभिन्न दुःख, पीडा र आर्थिक समस्यासँग जुध्दै आएको कुरा सुनाउँदै हिँड्ने जलेश्वर नगरपालिका-१ का रामजी डोम अहिले आफ्नै घर अगाडि मुसुमुसु हाँस्दै हातमा बाँस र बेतका भाँडाकुँडा बनाउँदै गरेको भेटिन्छन् । उनीसहित उनका छोरा, नाति र घरका अन्य महिला पनि प्रसन्न मुद्रामा आपसमा विभिन्न कुराकानी गर्दै हातहातमा बाँस र बेतको भाँडाकुँडा बनाइरहेको दृश्य हेर्दा जो कोहीलाई पनि खुसी हुन्छ ।

सायद यसैले भनिन्छ, 'दुखियाको हाँसोमा ईश्वरको बास हुन्छ ।' हो यस कुरालाई छठपर्वको बेला बाँस र बेतबाट डालो, नाङ्लो र टपरी बनाउन जुटेका महोत्तरीका डोम समुदायले चरितार्थ गरेको छ । अधिकांश तराईबासीको प्रमुख पर्वको रूपमा रहेको छठको तीन सातामात्रै बाँकी रहेको बेला सधैं खान, लाउन धौधौ पर्ने डोम जातिको मुहारमा पनि हाँसो र मनमा उल्लास छाएकाले साँच्चिकै ईश्वरको बास दुखियाको हाँसोमा रहेको देखिन्छ ।

गरिबी र विपन्नतामा पिल्सिएका वर्षैभरि गाउँगाउँमा सुंगुर डोऱ्याएर चहार्ने महोत्तरीका डोम समुदायलाई अहिले छठपर्व नजिकिँदै जाँदा बाँस र बेतका चोयाबाट डालो, नाङ्लो र टालुटपरी बनाउन भ्याइनभ्याइ भएको छ । गाँस, बास र कपासकै जोरजाममा हम्मेहम्मे पर्ने गरेको डोमहरूले छठपर्व आउनासाथ कात्तिक महिनाभर आफ्ना जीवनका हरेक दुःख बिर्सेर मीठोमसिनो खाने र राम्रो लगाउने सौभाग्य प्राप्त भएको मनरासिस्वा नगरपालिकाका ५७ वर्षीय हरिदेव डोमले बताए ।

गाउँ, सहरमा हुने भोजभतेरबाट जुठोसमेत ल्याएर स-परिवार खाने गरेको डोमले कात्तिकमा नानाथरिका परिकार पकाएर खाने गरेको सोही ठाउँकी ६२ वर्षीया मरनी डोमिनले बताइन् । डालो बुन्दै गरेकी जिल्लाको गौशाला नगरपालिकाकी ७० वर्षीया घुरनी डोमिनले गहभरि आँसु लिएर भनिन्, 'कात्तिक लाग्नेबितिक्कै घरका बच्चादेखि बूढासम्मले काम पाएर बिहानदेखि बेलुकासम्म डालो, नाङ्लो र टालुटपरी बनाउनमा तल्लीन हुन्छौं भने बजारमा बेच्दा राम्रै आम्दानी हुने भएकाले हामी निकै खुसी हुन्छौं ।'

तर, वर्षभरि काम नपाउने हुँदा फेरि केही दिनपछि उनीहरूको दुःख सुरु हुन्छ ।' छठपर्व मनाउने प्रत्येक तराईवासीले छठमाता तथा सूर्यदेवलाई बाँस र बेतकै चोयाबाटै बनाइएका डालो, नाङ्लो र टालु टपरीमा अर्घ्य दिनुपर्ने भएकाले प्रत्येक परिवारमा पाँच/सात वटा बाँसका भाँडाकुँडा किन्नुपर्दछ । सम्सी गाउँपालिकाका ६५ वर्षीय बेचना डोमले आफूहरू सोही कारण दिनरात व्रतालुहरूको निम्ति बाँसका भाँडा बनाउने गरेको सुनाए ।

त्यस्तै जिल्ला सदरमुकाम जलेश्वर नगरपालिकाका इन्दल डोमले डालो, नाङ्लो र टालुटपरी बेचेर कात्तिकमा वर्षभरिकै सबै ऋण चुक्ता गरेर केही रकम बचाउने गरेको बताए । जिल्लाको भंगहा नगरपालिकाका सिरिया डोमका अनुसार घरका बालकदेखि बूढासम्मले डालो, नाङ्लो बेचेर प्रतिव्यक्ति ५०/६० देखि ७०/८० हजार र प्रत्येक परिवारले दुई/तीन लाखको हाराहारीमा आम्दानी गर्ने गर्दछन् । यतिबेला जिल्लाको प्रत्येक पालिकाको गाउँगाउँमा डोम जातिका प्रत्येक घरमा बाँस र बेतको थुप्रो राखिएको छ भने परिवारका सबैले बाँस र बेतका चोयाबाट सामग्री बनाउन व्यस्त देखिन्छन् । दिनदिनै छठपर्व मनाउनेहरूको संख्यामा वृद्धि हुँदै जाँदा प्रत्येक व्यक्तिलाई बाँसको भाँडाकुँडा पुऱ्याउन डोम जातिलाई भ्याइनभ्याइ भएको छ ।



पछिल्लो केही वर्षदेखि तराईमा मात्रै नभएर देशको राजधानी काठमाडौंसहित पोखरा, हेटौंडाजस्ता पहाडी क्षेत्रमा पनि छठपर्व मनाउन थालिएकाले तराईबाट बाँस र बेतबाट तयार भएका भाँडाकुँडा निर्यात हुने गरेको छ । छठपर्वको बेला महोत्तरीको विभिन्न १५ वटै पालिकामा उत्पादन गरिएको बाँस र बेतका भाँडाकुँडा छठको बेला नेपालको राजधानी काठमाडौंसहित पोखरा, हेटौंडा, चितवन, बुटवल, धरानजस्ता पहाडी क्षेत्रका साथै भारतको मधुवनी, दरभंगा, सीतामढी, मुजफ्फरपुर र पटनासम्म पुग्ने गर्दछ ।

मिथिलाको प्रमुख पर्वको रूपमा रहेको छठपर्वका लागि प्रत्येक परिवारले अहिलेदेखि डोमको आँगन र पिँढीमा बाँस र बेतबाट बनेको भाँडाकुँडा खरिद गर्नका लागि पुग्न थालेको बताउँदै औरही नगरपालिकाका सुरेश डोमले आफू परिवारसहित राति अबेरसम्म काम गरेर बाँसका र बेतका भाँडाकुँडा बनाउने गरेको बताए । छठ व्रत सुरु हुनुदेखि अन्त्य हुनुसम्म छठ व्रत मनाउने प्रत्येक परिवारले पूजा सामग्री तथा पूजाप्रसाद प्रयोग गर्न डोमले बनाएकै बाँसका भाँडाकुँडा प्रयोग गर्नुपर्ने हुन्छ । यस पर्वमा सूर्य देवतालाई चढाइने प्रत्येक वस्तु (प्रसाद) बाँस र बेतकै भाँडाकुँडामा राख्नुपर्ने प्रचलन रहेको र ती सामग्री डोम समुदायका व्यक्तिले नै बनाउने हुँदा उनीहरूको जीवनस्तरमा सुधार ल्याउने माध्यम बनेको पिपरा गाउँपालिकाका सुरेश डोम बताउँछन् । डोम समुदायले छठपर्वको भाँडाकुँडा बनाएर व्रतालुलाई एकातिर सहयोग पुऱ्याएका छन् भने अर्कोतिर आर्थिक उपार्जन पनि भइरहेको छ ।

यसैबीच डोम समुदायका युवाहरूले आफूले छठपर्वको बेला बाँस र बेतबाट उत्पादन गरेको डालो, नाङ्लो, ढकिया, कोनियाजस्ता भाँडाकुँडाको व्यापार छठपर्वको बेलामात्रै चल्ने भएकोप्रति चिन्तित हुँदै यसको वर्षभरिको बजारीकरणका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसँगसमेत माग गरेका छन् । यस पर्वपछि पुनः उनीहरू आफ्नो पैतृक पेसा सुंगुरपालनमै लाग्नुपर्ने बाध्यता रहेकाले उनीहरूले आफ्नो यस (बाँस र बेतबाट भाँडाकुँडा बनाउने) पेसालाई वर्षभरि सञ्चालन हुने पेसाको रूपमा विकास गरिदिएमा आफ्नो समुदायको जीवनस्तरमा सुधार आउने उनीहरूको विश्वास रहेको छ ।

महाभारतका अनुसार द्रौपदीसहित पाण्डवहरू अज्ञातवासमा रहँदा उक्त गुप्तावास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए । उक्त समयमा पाण्डवहरू मिथिलाको किरात राजाका क्षेत्रमा बास बसेको उल्लेख छ । लोक कथनबमोजिम सोही समयदेखि सम्पूर्ण मिथिला क्षेत्रमा छठ मनाउने परम्पराको थालनी भएको हो । सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ । पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक छठपर्व पोखरी, नदी, तलाउ र अन्य जलाशयमा मनाउने गरिन्छ । धार्मिक आस्थाका साथै सामाजिक सद्भावको रूपमासमेत विकसित छठपर्व हिन्दूको सँगसँगै मुस्लिमहरूले पनि मनाउने गर्छन् । *रासस*

# गण्डकीमा घट्दै डेंगु संक्रमण

■ प्रभाव संवाददाता

**गण्डकी–** चिसो मौसम सुरु भएसँगै लामखुट्टेको टोकाइबाट सर्ने डेंगु रोगको संक्रमण घट्दै गएको पाइएको छ। गण्डकी प्रदेशमा गत सेप्टेम्बरमा छ हजार ९२० जनामा डेंगु संक्रमण पुष्टि भएकामा अक्टोबर २२ तारिकसम्ममा जम्मा तीन हजार ८५६ जनामा उक्त रोगको संक्रमण देखिएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।



'चिसो याम सुरु भएकाले अब बिस्तारै संक्रमण कम हुँदै जान्छ, फागुनदेखि फेरि संक्रमण बढ्न थाल्छ,' निर्देशनालयका महानिर्देशक खिमबहादुर खड्काले भने, 'कात्तिक अन्तिमसम्मै संक्रमणको जोखिम रहिरहने हुनाले हरेकले स्वास्थ्य सतर्कता अपनाउनुपर्छ ।' उनका अनुसार गत फेब्रुअरीमा जम्मा ११ जनामा डेंगु संक्रमण पुष्टि भएकामा त्यसयताका महिनामा क्रमशः संक्रमितको संख्या थपिँदै गएको हो ।

जुन महिनासम्ममा ९३ जनामा सीमित रहेको उक्त रोगको संक्रमण जुलाई महिनामा बढेर ७२९ जनामा संक्रमण देखिएको थियो । अगस्टमा एकैचोटि चार हजार ८४ जनामा डेंगु संक्रमण पुष्टि भएको निर्देशनालयको तथ्यांकमा उल्लेख छ । गत जनवरीयताको अवधिमा सबैभन्दा बढी कास्की जिल्ला डेंगुबाट बढी प्रभापित भएको देखिन्छ । निर्देशनालयको तथ्यांकअनुसार कास्कीमा सात हजार ८९४ जनामा डेंगु संक्रमण भएको छ ।

सबैभन्दा कम मनाङमा जम्मा पाँच जनामा उक्त रोगको संक्रमण देखिएको महानिर्देशक खड्काले जानकारी दिए । कास्कीपछि धेरै संक्रमण फैलिएको जिल्ला तनहुँमा तीन हजार ३७२ जना संक्रमित भएको उनको भनाइ छ । पर्वतमा एक हजार ३३४, बागलुङमा एक हजार ६१, गोरखामा ८४४, स्याङ्जामा ६३६, म्याग्दीमा ३३१, नवलपुरमा २४६, लमजुङमा १२२ र मुस्ताङमा जम्मा नौ जना डेंगुबाट संक्रमित भएका हुन् ।

सबैभन्दा बढी कास्कीको पोखरा महानगरपालिकामा सात हजार ७८१ जनामा उक्त रोगको संक्रमण पुष्टि भएको छ । यस वर्ष डेंगु संक्रमणका कारण प्रदेशभित्रका आठ जनाको मृत्यु भएको निर्देशनालयले जनाएको छ । असारदेखि कात्तिकसम्म डेंगु संक्रमणको बढी जोखिम हुने र चार प्रकारको भाइरसबाट मानिसमा डेंगु संक्रमण हुने गरेको चिकित्सक बताउँछन् ।

समयमा उपचार नभए डेंगुबाट बिरामीको मृत्युसमेत हुनसक्ने भएकाले विशेष स्वास्थ्य सचेतना अपनाउनुपर्ने उनीहरूको सुझाव छ । डेंगुको भाइरस फैलाउने लामखुट्टे खाल्डाखुल्डी, पुराना टायर, ड्रम, भाँडाकुडा आदिमा जम्मा भएको सफा पानीमा बस्ने हुँदा तिनलाई खाली गर्नुपर्ने जनाइएको छ । डेंगु रोग 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने गर्छ । यो लामखुट्टेले जम्मा भएको सफा पानीमा फुल पार्ने र लार्भा हुर्काउने गर्छ । डेंगुको संक्रमणपछि एक्कासि उच्च ज्वरो आउने, रक्तश्राव हुने, टाउको, शरीर दुख्नेजस्ता लक्षण देखापर्ने जनाइएको छ ।

# मुस्ताङमा दुई विदेशी नागरिकको मृत्यु

**म्याग्दी (प्रस)–** मुस्ताङको छुट्टाछुट्टै स्थानमा शुक्रबार एक पर्यटक र एक तीर्थयात्री गरी दुई विदेशी नागरिकको मृत्यु भएको छ । थासाङ गाउँपालिका–२ थाङसारमा अमेरिकी नागरिक र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–१ मुक्तिनाथमा भारतीय नागरिकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरी नायब उपरीक्षक सूर्यबहादुर बोगटीले थाङसारको होलिडे क्याम्प होटलको शयनकक्षमा अचेत अवस्थामा भेटिएका अमेरिकाका ६३ वर्षीय मिलो गोलसेगरलाई जोमसोम अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेको जानकारी दिए ।

मुक्तिनाथ मन्दिर दर्शन गरी फर्कने क्रममा अचानक बेहोस भई लडेकी भारतको महाराष्ट्र मुम्बई अँधेरी वेष्ट वर्सोवा पिनकी ६९ वर्षीया शारदा महादेव लगडेलाई पनि जोमसोम अस्पताल ल्याउँदा चिकित्सकले मृत घोषणा गरेको प्रनाउ बोगटीले बताए ।

मृतक दुवैको शव परीक्षणका लागि जोमसोम अस्पतालमा राखिएको र थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । गोलसेर गिजरमा पानी तताएर नुहाउने क्रममा निस्सासिएर र लगडे लेक लागेर मृत्यु भएको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको छ ।



**छठको तयारी** | धनुषाको जनकपुर उपमहानगरपालिका–१० स्थित जानकी चोकमा रहेको अरगाजा पोखरीमा छठका लागि गरिएको तयारी । मिथिलाको प्रसिद्ध पर्व छठका लागि पोखरी, नदीलाई सिंगार्न सुरु गरिएको छ । *तस्बिरः अरूणकुमार यादव/रासस*

# दरबन्दी नपाएपछि पठनपाठनमा समस्या

**तुलसीपुर (दाङ)–** तुलसीपुर उपमहानगरपालिका–१२ स्थित पशुपति मावि हरिपौरीमा कक्षा ११ र १२ सञ्चालन भएको चार वर्षसम्म पनि दरबन्दी नपाएपछि पठनपाठनमा समस्या भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खगेन्द्र अधिकारीका अनुसार हाल माविका लागि एकजना राहत र एकजना स्थायी शिक्षकमात्र रहेकाले पठनपाठनमा समस्या छ । 'हामीले व्यवस्थापन संकाय चलाएको चार वर्ष भयो, अहिलेसम्म शिक्षक अभाव छ । एक राहत र एक जनामात्र स्थायी हुनुहुन्छ, हामीले निजी स्रोतबाट शिक्षक ल्याएर पढाउनुपर्ने अवस्था छ,' उनले भने ।

निजी स्रोतका शिक्षकलाई वार्षिक ११ लाख रूपैयाँ तलब दिनुपर्ने अवस्था रहेको अध्यक्ष अधिकारीले बताए । निजी शिक्षकलाई आंशिक रूपमा राखिएको छ । कक्षा ११ र १२ का विद्यार्थीबाट केही शुल्क लिने गरेको भन्दै त्यहीबाट नै तलब दिने गरिएको उनले बताए । निजी शिक्षकको तलबमा वार्षिक पाँच लाख रूपैयाँ घाटा भएको उनले गुनासो गरे । अभिभावकको सहयोग र विद्यालयको जग्गा भाडाबाट उठेको रकमबाट उक्त घाटा पूर्ति हुने गरेको छ । यस विषयमा पटक-पटक सम्बन्धित निकायमा ध्यानाकर्षण गराइएको तर सुनुवाइ नभएको उनको दुखेसो छ ।

गरिब, पिछडिएका वर्ग र द्वन्द्वपीडितलगायत आर्थिक अवस्था कमजोर भएकालाई निःशुल्क पढाइने यो विद्यालयबाट एसइई उत्तीर्ण गरी कक्षा ११ मा भर्ना हुने तथा वडा कार्यालयले सिफारिस गरेका विद्यार्थीलाई निःशुल्क गर्ने निर्णय गरेको हो । *रासस*

# रामजानकी विवाह महोत्सव आयोजना गर्ने समिति गठन

**जनकपुर (प्रस)–** मधेस प्रदेश सरकारले आगामी मंसिर २१ गते जनकपुरधाममा आयोजना गरिने रामजानकी विवाह महोत्सवलाई भव्य, व्यवस्थित र प्रभावकारी बनाउन शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्माको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको छ । मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहको अध्यक्षतामा बसेको मन्त्रिपरिषद्को बैठकले सो निर्णय गरेको हो । उक्त समितिले महोत्सवअन्तर्गत गरिने कार्यक्रम, अयोध्याबाट आउने जन्ती र मेला भर्न आउने श्रद्धालु भक्तजन तथा साधुसन्तका लागि बास प्रबन्ध आदिका विषयमा गर्नुपर्ने कामका सूची सरकारलाई बुझाउनुपर्ने गरी समिति गठन गरिएको बताइएको छ ।

गठित सो समितिमा प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंह, खेलकुद तथा समाजकल्याणमन्त्री प्रमोदकुमार जयसवाल, ऊर्जा, सिंचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादव, उद्योग वाणिज्य तथा पर्यटनमन्त्री सकिल मियाँ सदस्य रहेका छन् । त्रेतायुगमा अयोध्या नरेश दशरथका पुत्र रामचन्द्र र मिथिला नरेश जनक नन्दिनी जानकीबीच विवाह भएको स्मरणमा जनकपुरधाममा मंसिर शुक्ल पञ्चमीका दिन रामजानकी विवाह महोत्सव मनाइँदै आएको छ । रामजानकी महोत्सवका अवसरमा जनकपुरधाममा साताव्यापी कार्यक्रम गर्ने गरिन्छ ।

नगर दर्शनबाट सुरु हुने विवाह महोत्सवका क्रममा फूलबारी लीला, धनुषयज्ञ, तिलकोत्सव, मटकोर, विवाह र रामकलेवा आदि गरिन्छ । महोत्सवमा सहभागी हुन देश विदेशका लाखौं श्रद्धालु भक्तजन तथा साधुसन्त जनकपुरधाम आउने गर्छन् । प्रदेश सरकारले गठन गरेको समितिले विवाह महोत्सवलाई व्यवस्थित, सहज र आकर्षक बनाउन आवास, भोजन, खानेपानी, शौचालय, विद्युत्, स्वास्थ्यसेवा, यातायात, सुरक्षा आदिका लागि गर्नुपर्ने कामको विस्तृत विवरण तयार पार्ने जनाइएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७८/०८/२३ मा दर्ता भएको प्रा.लि.नं. २७९२२२ को **जी.एस.एस इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयको मिति २०८१/०७/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशित मितिः २०८१/०७/१०

डिभिजन वन कार्यालय, दाङ घोरहीको च.नं. ३९३ मिति २०८१/०७/०२ को वन पैदावारहरूको ब्यापारिक प्रयोजनको लागि बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका साल, अस्ना, जामुन, हर्रो लगायत जातका गोलिया थान ९०३ को ६९९०.११ घ.फी. काठ साथै साल जातको दाउरा २२.०० र अन्य जातको मिश्रित दाउरा १२.०० चट्टालाई हाल जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक काष्ठ उद्योग व्यवसायीले यो सूचना पहिलो पटक प्रकासित भएको मितिले २१औ दिनभित्र बोलपत्र खरीद गरी २२औ दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ।बिस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको ब्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ।

**श्री देवीडाडा सामुदायिक वन उपभोक्ता समूह**
बबई गा.पा.-५, दाङ

## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्रीको सूचना

दोश्रो पटक सूचना प्रकाशित मिति : २०८१/०७/१०

डिभिजन वन कार्यालय, दाङ घोरहीको च.नं. १४४ मिति २०८१/०५/०२ को वन पैदावारहरूको ब्यापारिक प्रयोजनको लागि बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका अस्ना र जामुन, जातका गोलिया थान ३२६ को ३६०८.३६ घ.फी. काठ साथै साल जातको दाउरा १५.०० र अन्य जातको मिश्रित दाउरा १४.०० चट्टालाई हाल जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक काष्ठ उद्योग व्यवसायीले यो सूचना दोश्रो पटक प्रकासित भएको मितिले २१ औ दिनभित्र बोलपत्र खरीद गरी २२औ दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ।बिस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको ब्यहोरा सम्बन्धित सवैलाई सूचित गरिन्छ।

**श्री सितलछहारी सामुदायिक वन उपभोक्ता समूह**
बबई गा.पा.-१, दाङ

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मितिः २०८१/०७/१०**

यस कम्पनीको मिति २०८१/०७/०३ गते सम्पन्न विषेश साधारण सभाको निर्णय अनुसार साविक कम्पनी **द गुरुकूलम स्कुल प्रा लि** (प्रा.लि. दर्ता नं. २००८४) को नाममा रहेको सम्पुर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर लगायतको दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०७/०६ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **गुरुकूलम स्कुल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ ।


## कुवेतमा रोजगार

कम्पनी : UNITED INTEGRATION FOR METAL EXTRUSION & COATING CO.

पूर्व स्वीकृति मिति : २०८१/०७/०८ | LT. No. 312680 | चलानी नं. ६०२२७१६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 4 | 4 | 180 | ७९,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Almunium Fabricator | 20 | 0 | 140 | ६१,४६५ | | | | | | | |
| 3 | Driver | 10 | 0 | 150 | ६५,८५५ | | | | | | | |
| 4 | Female Cleaner/helper | 0 | 4 | 120 | ५२,६८५ | | | | | | | |
| 5 | General Mechanics | 4 | 0 | 160 | ७०,२४५ | | | | | | | |
| 6 | Labour | 25 | 0 | 100 | ४३,९०५ | | | | | | | |
| 7 | Machines & Maintenance Electrician | 4 | 0 | 180 | ७९,०३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक २०/२१ गते (5/6 Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com

## युएईमा रोजगार

कम्पनी : FLEX FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/०८ | LT. No. 312474 | चलानी नं. ६०२२७०९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 100 | 0 | 800 | २९,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक २० गते (5 Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**NOVA INTERNATIONAL PVT. LTD.** श्रम इजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

## कुवेतमा रोजगार

कम्पनी : The Bridal Beauty Ladies Beauty Salon Co.

पूर्व स्वीकृति मिति : २०८१/०७/०८ | LT. No. 312694 | चलानी नं. ६०२२७१३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 3 | 150 | ६५,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure/pedicure | 0 | 3 | 150 | ६५,८५५ | | | | | | | |
| 3 | Nail Technicians | 0 | 3 | 150 | ६५,८५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Omega International Pvt. Ltd.** Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

## युएईमा रोजगार

कम्पनी : MAYIL TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312715 | चलानी नं. ६०२२७१६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४३,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Carpenter | 2 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 3 | Reinforcing Fitter Assistant | 2 | 0 | 1200 | ४३,९४० | | | | | | | |

कम्पनी : HONEST HANDS CLEANING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312740 | चलानी नं. ६०२२७१६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 10 | 1000 | ३६,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**PARADISE HUMAN RESORCE PVT. LTD** श्रम इजाजत नं. १६६४/०८०/०८१
KMC-9, Jamuna Galli, Kathmandu, Tel: 01-5921521, 5921522, Email: paradisehuman123@gmail.com, info@paradisehumanresource.com.np, Web: www.paradisehumanresource.com.np


**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**कृषि विभाग**
**राष्ट्रिय फलफूल विकास केन्द्र**
**शीतोष्ण वागवानी विकास केन्द्र, मार्फा, मुस्ताङ्ग**

## सूची दर्ता गर्ने सम्वन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/१०)

यस केन्द्रको चालु आ.व. २०८१/०८२ का लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित मालसामान तथा सेवाहरु उपलब्ध गराउन सम्बन्धित बिषयको कारोवार गर्न इजाजत प्राप्त इच्छुक रजिष्ट्रड फर्म, कम्पनी, विक्रेता तथा सेवा प्रदायकहरुको आफ्नो फर्म दर्ताको प्रमाणपत्र, नविकरण, मु.अ.कर दर्ता र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को प्रयोजनका लागि मौजुदा सूचीमा दर्ता हुन यस केन्द्रमा कार्यालय समयभित्र तपशिल बमोजिका समुहहरुका लागि रितपूर्वकको निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । मौजुदा सूचीमा समावेश गर्ने वा नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ। यस सम्बन्धि अन्य आवश्यक कुरा बुझ्न परेमा यस केन्द्रको खरिद इकाईमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**तपशिलः**

**क) खरिद तथा आपुर्ति तर्फ**
१) स्टेशनरी मसलन्द तथा कार्यालय संचालन सम्बन्धि मालसामान आपूर्ति सम्बन्धि कार्यहरु ।
२) छपाई तथा मुद्रण सम्बन्धि कार्यहरु ।
३) फर्निचर तथा फर्निसिङ सम्बन्धि कार्यहरु ।
४) आइटि तथा डिजिटल सम्बन्धि कार्यहरु ।
५) सोलर वाटर हिटर आपूर्ति तथा जडान ।
६) कृषि सम्बन्धि मेशिनरी औजार उपकरण आपुर्ति तथा जडान ।
७) सवारी साधनका पार्टपुर्जा तथा विभिन्न इलेक्ट्रिक सामाग्री आपूर्ति कार्यहरु ।
८) सिकेचर, ग्राफ्टिङ नाइफ, प्रुनिङ-स, ग्राफ्टिङ टेप, फल टिप्ने भर्याङ, पावर स्प्रेयर आपूर्ति ।
९) रासायनिक मल, प्राङगारिक मल तथा अन्य सूक्ष्म खाद्य तत्वहरु ।
१०) विभिन्न रोगनाशक तथा किटनाशक विषादीहरु निलोतुथो तथा चुना ।
११) चिनी, भेली तथा दाउरा ।
१२) कुटो, कोदालो, चाँदे, हँसिया, बन्चरो, छिनो, गल, गैची तथा बेल्चा जस्ता कृषि सामाग्रीहरु ।
१३) टिस्यू कल्चर प्रयोगशाला संचालनको लागि आवश्यक सामाग्रीहरु ।

**ख) सेवा तर्फ**
१) विज्ञापन प्रकाशन, सूचना तथा प्रसारण ।
२) चिठ्ठीपत्र, पार्सल तथा कुरियर सेवा ।
३) वेबसाइट र सफ्टवेएर डिजाइन तथा निर्माण र मर्मत ।
४) परामर्श तथा सेवा प्रदायक (अध्ययन, अनुसन्धान, डिजाइन तथा परिक्षण) सम्बन्धि कार्यहरु ।

**ग) निर्माण तथा मर्मत सम्बन्धि कार्य**
१) सवारी साधन मर्मत ।
२) ल्यापटप/डेक्सटप कम्प्यूटर, फोटोकपी मेशिन, प्रिन्टर, टेलिफोन, इन्टरनेट तथा क्यामेरा मर्मत ।
३) विभिन्न फर्निचर मर्मत ।
४) विभिन्न भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार र सो सम्बन्धि कार्य ।

**शर्तहरुः**
१) म्याद भित्र पेश नभएको र रित नपुगको निवेदन उपर कुनै कार्वाही गरिने छैन ।
२) कम्पनी/फर्म वा संस्था सूचीकृत सम्बन्धी सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहनेछ ।
३) यस सूचनामा नभएका अन्य कुराहरु प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

**केन्द्र प्रमुख**

प्रभाव दैनिक

रूपशाला

### 'छक्कापञ्जा ५'को नयाँ गीत सार्वजनिक

प्रदर्शनरत फिल्म 'छक्कापञ्जा ५' को नयाँ गीत 'यो माया बनाउने को हो' सार्वजनिक गरिएको छ । फिल्मले प्रदर्शनको तेस्रो साता प्रवेश गरेको अवसर पारेर यो रोमान्टिक गीत सार्वजनिक गरिएको छ । शम्भुजीत बास्कोटाको संगीतमा तयार भएको गीतमा कृष्णहरि बरालका शब्द, निशान भट्टराई र अस्मिता अधिकारीको स्वर छ । गीतको भिडियोमा दीपकराज गिरी र वर्षा सिवाकोटीको अभिनय छ ।



शनिबार, १० कात्तिक २०८१ (Saturday, October 26, 2024)

# 'मिसिङः केटी हराएको सूचना' दोस्रो पोस्टरमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्र 'मिसिङः केटी हराएको सूचना' को दोस्रो पोस्टर सार्वजनिक भएको छ । पोस्टरमा चलचित्रका मुख्य पात्रहरू नाजिर हुसेन र सृष्टि श्रेष्ठलाई केही गम्भीर भावमा देखाइएको छ । यसअघि सार्वजनिक पहिलो पोस्टरमा निकै हसमुख मुद्रामा देखिएका नाजिर र सृष्टिलाई दोस्रो पोस्टरमा फरक मुडमा देखाइएको छ । पोस्टरमा नाजिर र सृष्टि सामान्य पहिरनमा छन् ।

पोस्टरमा नाजिर र सृष्टिको पृष्ठभूमिमा 'बजारमा अनौठो परिवेशको नयाँ चलचित्र'को शीर्षकको समाचार शीर्षक छ। जसमा चलचित्रका लेखक तथा निर्देशक दीपेन्द्र गौचनको नाम देख्न सकिन्छ । यो समाचार बाहेक पोस्टरमा 'देशमा हतियार तस्करी फस्टाउँदै'सहित अन्य शीर्षकका समाचार पनि छन् ।

यही कार्तिक ३० गते रिलिज हुने चलचित्रको यसअघि सार्वजनिक गीत, टिजर र पोस्टरले बजारमा छुट्टै हाइप बनाइसकेको छ । चलचित्रमा ३२ वर्षअघिको डकु-ड्रामा 'उजेली'का निर्देशक दीपेन्द्र गौचनको निर्देशन छ । दीपेन्द्रकै निर्माण रहेको चलचित्रमा उनकै स्क्रिप्ट लेखन छ ।

चलचित्रमा नाजिर र सृष्टिसँगै सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रूपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, मनोज शाह, अर्जुन पोखरेल र ओमप्रकाश कर्णको अभिनय छ । चलचित्रमा अमितेष शाह विशेष भूमिका छन् ।

ट्राई सिटी पिक्चर्स प्रस्तुतकर्ता रहेको चलचित्र ट्राई सिटी पिक्चर्सकै ब्यानरमा निर्माण भएको हो । नकिम उद्दिन कार्यकारी निर्माता रहेको चलचित्रमा मनोहर दास मुल, अनिन राजभण्डारी, राजीव थापा, रोबिन थापा, राधेश पन्त, महेन्द्र शाक्य, ज्योतिमान शेरचन, चन्द्र भट्टचन, सञ्जय भट्टचन सह-कार्यकारी निर्माता, अमितेष शाह सहायक निर्माता, दीपेन्द्र गौचनको कथा र लेखन, अमित पोखरेल र अमितेष शाहको सहायक लेखन, अमित पोखरेलको स्क्रिप्ट सुपरभिजन छ ।

चलचित्रमा अमर महर्जनको डीओपी, निमेष श्रेष्ठको सम्पादन, शंकर महर्जनको द्वन्द्व, दीपेन्द्र गौचन, प्रवेश मल्लिक र करुण थापाको संगीत, दीपेन्द्र गौचन, अमितेष शाह, करुण थापाको शब्द, सितुसित बस्नेत, रोहित जोन क्षेत्री, प्रवेश मल्लिक, नेहा प्रियदर्शनी, करण परियार र इन्दिरा जोशीको स्वर, राजीव कर्णको कोरियोग्राफी, काजोल कर्णको सहायक कोरियोग्राफी, जीवन पोखरेल र दीपेशको कष्ट्युम, अकी थेक्पाको आर्ट निर्देशन, राहुल जैरुको सहायक आर्ट निर्देशन र अरुण रेग्मीको प्रोडक्सन छ ।

चलचित्रको यसअघि संवादरहित टिजर र 'हेर्दै जाऊ' बोलको गीत सार्वजनिक भइसकेको छ । म्युजिक नेपाल डिजिटल पार्टनर रहेको चलचित्र एप्पल इन्टरटेनमेन्ट, एफडी कम्पनी र रिच इन्टरटेनमेन्टले वितरण गर्दैछन् ।

# पहिलोपटक काठमाडौँमा कन्सर्ट गर्दै कन्दरा

■ प्रभाव संवाददाता



**काठमाडौं–** लोकपप-रक ब्याण्ड कन्दराले पहिलो पटक काठमाडौं कन्सर्ट गर्ने भएको छ । 'काठमाडौं कलिङ' नाम दिइएको कन्सर्ट २४ कात्तिकमा ठमेलस्थित एलओडी क्लबमा आयोजना हुनेछ ।

शुक्रबार राजधानीमा आयोजित एक कार्यक्रमका बिच कन्सर्टको जानकारी दिइएको हो । ३२ वर्षमा पहिलोपटक काठमाडौंमा कार्यक्रम गर्न लागेको ब्याण्डका अगुवा तथा भोकलिस्ट विवेक श्रेष्ठले बताए । उनले राजधानीको प्रस्तुति अविष्मरणीय बन्ने धारणा राखे । श्रेष्ठले भने, 'यो हाम्रो नयाँ पुस्तासँग पनि जोडिने मौका हो । ३२ वर्ष बुढो भइसक्या रहेछौं । यी कुरा पनि सुनाउनु जरुरी छ ।'

ब्याण्डले केही पहिले पोखरामा कार्यक्रम गरेको थियो । 'पहिले घरदेश, अनि परदेश' अभियान सहित पोखरा कार्यक्रम गरेको ब्याण्डले काठमाडौं कार्यक्रमको नाम भने 'काठमाडौं कलिङ' राखेको हो ।

ब्याण्डले काठमाडौंपछि चितवन, बुटवल र नेपालगञ्जमा पनि सांगीतिक प्रस्तुति दिनेछ । जसको जानकारी पनि कार्यक्रममै दिइएको हो । जहाँ, दर्शकले ब्याण्डका सदाबहार हिटसँगै नयाँ गीत पनि सुन्न पाउनेछन् । यी तीन सहरको मिति पनि तय हुन बाँकी कार्यक्रममा जानकारी दिइयो ।

ब्याण्डको भोकलमा विवेक स्वयम छन् भने ड्रम्समा सुनिल थापा छन् । लिड गिटारमा देव लामा, बास गिटारमा पंकज झा, मादलमा अविनाश गायक, किबोर्डमा उमेश थापा रहेका छन् । कार्यक्रममा ब्याण्डले विश्व टूरको घोषणा समेत गरेको छ । सन् २०२५ को जनवरीमा बेलायत र दुबईदेखि वर्ल्ड टूर सुरु हुनेछ । त्यसपछि जापान, अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, क्यानडा र युरोपमा कार्यक्रम गर्नेछ ।

कन्दराको 'लेककी हे माया', 'तिमी पारि', 'हङकङ पोखरा' 'फूल्चोकीको डाँडैमा', 'तगारोमा रुमाल राखी' लगायतका थुप्रै गीत चर्चित छन् ।

# 'ह्रस्व दीर्घ' नेपालमा पनि दुई भाषामा रिलिज हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री नीता ढुंगानाले निर्माण गरेको फिल्म 'ह्रस्व दीर्घ' नेपालमा पनि नेपाली र हिन्दी दुबै भाषामा एकसाथ रिलिज हुने भएको छ । शुक्रबार निर्माण टिमले सेभेन सिज इन्टरटेनमेन्टलाई विदेश राइट् बेच्दै फिल्म कार्तिक ३० गते नेपालीसँगै हिन्दी भाषामा पनि एकसाथ प्रदर्शन गर्ने तय गरेको हो ।



फिल्म विदेशमा भने एक हप्तापछि अर्थात् मंसिर ७ गतेदेखि दुबै भाषामा लाग्ने जानकारी निर्माता नीता ढुंगानाले दिइन् । नेपाली र हिन्दीमा रिलिज भएको दुई महिनापछि फिल्म तेलुगु भाषामा पनि रिलिज हुनेछ । निर्माण नै त्यसैगरी गरिएको र धेरै बलिउड कलाकार भएकोले फिल्म हिन्दी र तेलुगु भाषामा रिलिज गर्न लागिएको निर्माता तथा अभिनेता हरिहर अधिकारीले बताए ।


नीता फिल्मस्को प्रस्तुतिमा निर्माण भएको फिल्मको कार्यकारी निर्माता धनन्जय गलानी हुन् । फिल्ममा हरिहर अधिकारी, नीता ढुंगाना, ब्रह्मानन्दम, अली, कवीर दुहान सिंह, प्रदीप रावत, सुनिल वर्मा, प्रशान्त ताम्राकार, सञ्चीता लुईटेल, विपना थापा, सरोज खनाल, नरेन खड्का, गरिमा शर्मा, रवीन्द्र झा, आर्दश मिश्र, बुद्धि तामाङ र किरण केसीलगायतका कलाकारको अभिनय छ ।

अभिनेता अधिकारीको कथा र प्रतीक पौडेल, निर्देशक पन्त र हरिहरको पटकथा तथा संवाद रहेको फिल्म कवीरलालले छायांकन गरेका हुन् । चन्द्र पन्तको निर्देशन रहेको फिल्म मनोज राठी र उज्वल पौडेलको व्याङ्कटेस इन्टरटेनमेन्ट वितरण गर्दैछ ।

रंगशाला

# अन्तर्राष्ट्रिय गौतमबुद्ध क्रिकेट रंगशाला निर्माण नरोकिने

■ प्रभाव संवाददाता



**चितवन–** बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङले अन्तर्राष्ट्रिय गौतमबुद्ध क्रिकेट रङ्गशाला निर्माणका क्रममा बजेट निकासा नरोकिने जानकारी दिएका छन् । रङ्गशालाको शुक्रबार यहाँ अनुगमनपछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै उनले रङ्गशाला निर्माण सम्पन्न गर्न बजेट अभाव नहुने स्पष्ट पारे ।

उनले भने, 'प्रदेश सरकारको ७० प्रतिशत र भरतपुर महानगरपालिकाको ३० प्रतिशत लगानीमा निर्माण सुरु गरिएको रङ्गशाला निर्माण सुरु गरिएको रहेछ । बहुवर्षीय योजनालाई उच्च प्रथामिकतामा राखेर आवश्यक बजेट विनियोजन गरिने छ । हाम्रो चलन के छ, भने बहुवर्षीय योजना बनाउने सुरुवातमा केही बजेट दिने अर्को वर्ष थोरै थोरै बजेट विनियोजन गर्दा काम ढिला हुने गरेको छ । म आइसकेकेपछि त्यस्तो नगरी तीव वर्षमा सिध्याउने हो भने त्यस अनुसार नै बजेट विनियोजन गर्ने योजना बनाएको छु ।' बजेट दिने विधिलाई समेत परिमार्जन गर्ने गरिएको उनले बताए ।

पहिलेको तुलनामा काम प्रभावकारी रूपमा भएको उनको भनाइ थियो । नेपालका योजना अधुरो रहने गरेको भन्ने कुरालाई यो योजनाले चिर्ने उनले बताए । अनुगमनका क्रममा भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले तीन तहका सरकारको लगानीमा निर्माण थालिएको रङ्गशाला निर्माणका क्रममा बजेटको सूनिश्चितता प्रदेश सरकारले गरेको बताइन् । यो नमूना परियोजनाको रूपमा काम भइरहेको उनले बताइन् । कामको वातावरण निर्माण गर्न महानगरपालिकाले केही कसूर बाँकी नराख्ने उनको भनाइ थियो ।

गत असार २३ गते रङ्गशाला निर्माणका लागि सम्झौता भई निर्माणको प्रक्रिया अघि बढेको हो । महानगरपालिकाका डिभिजन इञ्जिनीयर सन्तोष आचार्यका अनुसार रङ्गशाला निर्माणका लागि महानगरपालिका र हिमालयन कालिञ्चोक विविआर जेभिबीच दुईपक्षीय सम्झौता भएको हो । रु ७८ करोड ५० लाख ९१ हजार एक सय ८९ मा निर्माण सम्पन्न गर्ने गरी दुईपक्षीय सम्झौता गरिएको हो । ३० महिनामा निर्माणको काम सम्पन्न गर्ने गरी सम्झौता भएको हो । सम्झौतापछि हाल दुईवटा टावर निर्माणको क्रम जारी रहेको उनले बताए ।

एउटा टावरमा ग्राउण्ड निर्माणको काम भइरहेको छ, भने अर्को टावरमा फाउण्डेसन निर्माणको काम भइरहेको छ । तिहार अघि ढलान भ्याउने गरी काम भएको उनले बताए । रङ्गशाला निरीक्षणमा बागमती प्रदेशसभा सदस्य गीता गुरुङ, भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारी, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल लगायतको उपस्थिति रहेको थियो ।

# सिस्नेरीमा निधन भएका फुटबल खेलाडीका परिवारको प्रधानमन्त्रीलाई ध्यानाकर्षण

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष बाढी, पहिरोमा परी निधन भएका मकवानपुरको इन्द्रसरोबर गाउँपालिका-३, सिस्नेरीस्थित वत्सलादेवी माध्यमिक विद्यालयका बाल फुटबल खेलाडीका पीडित परिवारले घटनाको उच्चस्तरीय आयोगबाट छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेका छन् ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) द्वारा सञ्चालित सो विद्यालयको होस्टेलमा रहेका छ जना बालबालिकाको बाढीबाट बच्न भाग्ने क्रममा गत असोज १२ गते बिहान दुःखद् निधन भएको थियो ।

नेकपा (एमाले) का प्रमुख सचेतक महेश बर्तौलाको सहजीकरणमा प्रधानमन्त्री निवास, बालुवाटारमा आज भएको भेटमा पीडित परिवारले अघिल्लो दिनदेखि नै वर्षा आइरहेको र कुलेखानी ड्याम खोल्ने सूचना भएको अवस्थामा बच्चाहरूलाई विद्यालयबाट सुरक्षित स्थानमा सार्नुपर्नेमा लापर्वाही भएकाले निष्पक्ष छानिबन गरी दोषीलाई कारबाही गर्न माग गरेका हुन् ।

पीडित परिवारले मृतक बालबालिकाका नाममा अक्षय कोष स्थापना गरी खेल क्षेत्रको प्रवर्द्धन गर्न पनि आग्रह गरेका छन् । पीडित परिवारका तर्फबाट भक्तबहादुर बलम्पाकी, कमला रेग्मी, टीकाराम आचार्य, हेमबहादुर योञ्जन, दिपा बानियाँ र ललितबहादुर घलानले संयुक्तरूपमा प्रधानमन्त्री ओलीलाई ध्यानाकर्षणपत्र बुझाएका थिए ।

ध्यानाकर्षणपत्र बुझ्दै प्रधानमन्त्री ओलीले घटना अत्यन्त दुःखद् भएको बताउँदै के कसरी यस्तो हुन पुग्यो भन्नेबारेमा यथार्थ जानकारी लिने विश्वास दिलाए । उनले पीडितका पक्षमा सरकार रहने स्पष्ट गरे ।

भेटका अवसरमा बागमती प्रदेशका पूर्व मुख्यमन्त्री शालिकराम जम्मरकट्टेल, प्रदेश सांसद कुमारी मोक्तान, संविधानसभा सदस्य सुवास ठकुरी, नेपाली कांग्रेसका मकवानपुर जिल्ला सभापति बुद्धशरण लामालगायत सहभागी थिए ।

# नेत्रहीन विश्वकपका लागि खेलाडीको घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्को महिना हुने चौथो टी-२० नेत्रहीन विश्वकप क्रिकेट प्रतियोगिताको लागि नेपाली खेलाडीहरूको अन्तिम नामावली सार्वजनिक भएको छ । यही नोभेम्बर २२ देखि डिसेम्बर ३ तारिखसम्म पाकिस्तानमा हुने विश्वकपका लागि रमेशबहादुर बानियाँको कप्तानीमा १५ जना खेलाडी छनोट गरिएको नेत्रहीन क्रिकेट संघ नेपालले जनाएको छ ।

गत कात्तिक ४ र ५ गते मनमैजु, तार्केश्वर नगरपालिकास्थित एन्जल्स स्पोर्ट्स एकेडेमीमा १९ जना दृष्टिविहीन क्रिकेट खेलाडीमध्येबाट अन्तिम १५ खेलाडी छनोट गरिएको संघका कोषाध्यक्ष उपेन्द्र श्रेष्ठले जानकारी दिए ।

यसअघि गत असारमा पहिलो चरणको छनोटअन्तर्गत १९ जना खेलाडी छनोट गरिएको थियो । अन्तिम छनोट भएका खेलाडीलाई आगामी तिहारपछि बन्द प्रशिक्षणमा राखिने नेत्रहीन क्रिकेटका अध्यक्ष पवन घिमिरेले बताए ।

वरिष्ठ क्रिकेट प्रशिक्षक अरुण अर्याल संयोजक रहेको छनोट समितिले १९ जनाबाट १५ जना खेलाडी छानेको हो । सो समितिमा सुनोज भट्टराई, नहेन्द्र निरौला र तुम्बुरु उप्रेती सदस्य रहेका थिए ।

अन्तिम १५ जना खेलाडीमा कप्तान बानियाँसहित उपकप्तान पदमबहादुर बडैला, सुनिल सुवेदी क्षत्री, सागर लामा, दुर्गादत्त पौडेल, प्रेमबहादुर क्षेत्री, निश्चल शिवाकोटी र भरत थापा रहेका छन् ।

यसैगरी प्रविन स्याङ्तान, मदन न्यौपाने, अमिश गुरागाईं, सन्त पहरी, सुनिल राना मगर, नरेश चौधरी र पदम कार्की रहेका छन् । प्रतियोगितामा ८ देखि १० टिमसम्म हुनसक्ने आयोजकलाई उधृत गर्दै संघका कोषाध्यक्ष श्रेष्ठले जानकारी दिए । नेपालको लक्ष्य सेमिफाइनलसम्म पुग्ने रहेको कोषाध्यक्ष श्रेष्ठले बताए ।



पूर्वी चीनको शानडोङ प्रान्तको यानताई बन्दरगाहमा निर्यातका लागि पार्क गरी राखिएका कारहरू । *तस्बिर: एएफपी*

# इजरायली आक्रमणमा तीन लेबनानी पत्रकार मारिए




**बेरुत (लेबनान)–** पूर्वीलेबनानमा भएको इजरायली आक्रमणमा तीन जना पत्रकारको मृत्यु भएको छ । आक्रमणमा परी बेरुतको दक्षिणी उपनगरका भवनहरूमा भौतिक क्षति भएको लेबनानको राष्ट्रिय सञ्चारमाध्यमले शुक्रबार जनाएको छ ।

लेबनानको आधिकारिक राष्ट्रिय समाचार एजेन्सी (एनएनए)ले हसबायामा भएको उक्त घटनाको रिपोर्ट गरेको थियो । रिपोर्टका अनुसार इजरायलले सिरियाली सीमा नजिकै शुक्रबार बिहान ३:३० मा आक्रमण गरेको थियो । एनएनएका अनुसार बेरुतको दक्षिणी चौइफत अल-अमरोसिह क्षेत्रमा, इजरायली हामलाले दुईवटा भवनहरू क्षतिग्रस्त बनाएको थियो । सेन्ट थेरेस क्षेत्रलाई लक्षित गरी गरिएको आक्रमणमा संवैधानिक परिषद् नजिकैका दुईवटा भवनहरूसमेत ढलेको जनाइएको छ ।

इजरायली सेनाका अरबी भाषाका प्रवक्ता अविचे अद्राईले सामाजिक सञ्जाल एक्समार्फत निकासी चेतावनी जारी गरेपछि बेरुतको दक्षिणमा आक्रमण भएको एनएनएले रिपोर्ट गरेको छ । एएफपिटिभीको फुटेजमा आक्रमणपछि बेरुतको दक्षिणबाट धुवाँको मुस्लो उठेको देखाइएको छ ।

केही समयअघि दक्षिण बेरुतको चौइफत क्षेत्रमा नयाँ आक्रमण सुरु गरेको इजरायलले विस्तारै हारेत ह्रीक र हदथलाई पनि लक्षित गरी आक्रमया सुरु गरेको छ । बुधबारको इजरायली आक्रमणले दक्षिण बेरुतमा छ वटा भवनहरू क्षतिग्रस्त भएको दृश्य राष्ट्रिय सञ्चार माध्यम तथा एएफपी फुटेजले देखाएको थियो भने इजरायली सेनाले हिजबुल्लाह हतियार उत्पादन केन्द्रभित्र आक्रमण गरेको जनाएको छ ।

सेप्टेम्बर-२३ मा इजरायलले लेबनानमा तीव्र आक्रमण सुरु गरेपछि गाजा युद्धलाई लिएर इरान समर्थित हिजबुल्लाहसँग सीमापार झडपपछि स्थलगत आक्रमणको घोषणा गऱ्यो । पत्रकार संरक्षण समितिले सन् २०२३ अक्टोबरमा इजरायल-हमास युद्ध सुरु भएदेखि गाजा, वेस्ट ब्यांक, इजरायल र लेबनानमा कम्तीमा १२८ पत्रकारहरूको मृत्यु भएको जनाएको छ । *रासस⁄एएफपी*

# सम्पूर्ण अमेरिकीले चाहेको राष्ट्रपति बन्ने इच्छा छ : *ह्यारिस*



**पेन्सिलभेनिया, अमेरिका–** अमेरिकी राष्ट्रपति चुनावमा दुई हप्ताभन्दा कम समय बाँकी हुँदा अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले आफू सम्पूर्ण अमेरिकी जनताले चाहेको राष्ट्रपति बन्ने इच्छा व्यक्त गरेकी छन् ।

जर्जियामा चुनाव प्रचारका लागि प्रस्थान गर्नुअघि एक पत्रकार सम्मेलनमा पत्रकारहरूसँग कुरा गर्दै ह्यारिसले लोकतान्त्रिक भविष्यका बारेमा चिन्ता व्यक्त गर्ने पुरुष र महिलाहरूलाई समान रूपमा हेरेको बताएकी छन् । पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दोस्रो कार्यकालका लागि र उपराष्ट्रपति कमला ह्यारिसले ह्वाइट हाउसमा पहिलो कार्यकालका लागि उम्मेदवारी दर्ता गराएका हुन् ।

ह्यारिसले अमेरिकी जनताले उनीहरूले सामना गर्ने चुनौतीको सामना गर्न सक्षम राष्ट्रपति चाहेको बताएकी छन् । उनले प्रतिद्वन्द्वी ट्रम्पलाई जनताको मौलिक स्वतन्त्रता खोसेको आरोपसमेत लगाएकी छन् ।

त्यसैगरी मतदानमा लैंगिक अन्तरको मुद्दामा सोधिएको प्रश्नको जवाफमा ह्यारिसले भनिन्, 'म तपाईंसँग इमानदार हुनुपर्दछ, पुरुष र महिला दुवैले हाम्रो लोकतान्त्रिक भविष्यको बारेमा समान मात्रामा आफ्नो चिन्ता व्यक्त गरिरहेको मैले देखिरहेको छु, उनीहरू देशले सामना गर्ने चुनौतीको सामना गर्न सक्षम राष्ट्रपति चाहन्छन् । त्यसैले, मैले वास्तवमा त्यस्तो असमानता देख्दिनँ, र म सबै अमेरिकीहरूले चाहेको राष्ट्रपति बन्न चाहन्छु ।'

उनले सीमा मुद्दाबारे कुरा गर्दै अमेरिकी सीमा सुरक्षाको सुनिश्चितता आफ्नो सर्वोच्च प्राथमिकताको विषय रहेको बताएकी छन् । अभियान अधिकारीहरूका अनुसार ह्यारिस आज शनिबार पूर्वअमेरिकी प्रथम महिला मिशेल ओबामासँग मिशिगनमा उपस्थित हुने तयारी गरिएको छ । पूर्वराष्ट्रपति ओबामा र मिशेलले जुलाईमा ह्यारिसलाई राष्ट्रपति उम्मेदवारको रूपमा समर्थन गरेका थिए । *रासस⁄एएनआई*

# फिलिपिन्समा 'ट्रामी'का कारण ४६ जनाको मृत्यु, २० बेपत्ता



**मनिला–** यस हप्ता फिलिपिन्समा आएको उष्णकटिबन्धीय आँधी 'ट्रामी'बाट मृत्यु हुनेको संख्या ४६ पुगेको छ भने कम्तीमा २० जना अझै बेपत्ता रहेको अधिकारीहरूले शुक्रबार बताएका छन् । नागरिक रक्षा प्रशासकको कार्यालय 'एरियल नेपोमुसेनो'ले एउटा प्रतिवेदनमार्फत देशभरका नौ क्षेत्रबाट ट्रामीसँग सम्बन्धित मृत्युको खबर आएको जनाएको छ ।

आँधीको प्रभाव झेल्ने मनिलाको दक्षिणपूर्वी क्षेत्र बिकोलमा २८ जनाको मृत्यु भएको र क्यालाबारजोन क्षेत्रमा १५ जनाको मृत्यु भएको जनाएको छ । मध्य र दक्षिणी फिलिपिन्सका अन्य क्षेत्रबाट पनि ट्रामी-सम्बन्धित मृत्युको खबर प्राप्त भएको छ ।

यस वर्ष फिलिपिन्समा आएको ११औं टाइफुन ट्रामीले मुख्य लुजन टापुमा प्रहार गरी बिकोल र क्यालाबारजोन क्षेत्रमा विनाशकारी बाढी र पहिरो निम्त्याएको हो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्ले दक्षिणपूर्वी एसियाली देशको कम्तीमा १५ क्षेत्रका २६ लाखभन्दा बढी मानिस आँधीबाट प्रभावित भएको बताएको छ । राज्य मौसम ब्युरोले शुक्रबार दिउँसो वा साँझमा ट्रामी फिलिपिन्सबाट बाहिर निस्कने पूर्वानुमान गरेको छ । फिलिपिन्समा वार्षिक औसत २० वटा टाइफुन आउने गरेको छ । *रासस⁄सिन्ह्वा*

# इन्डोनेसियाबाट १५० भन्दा बढी रोहिंग्या शरणार्थीको उद्धार

**इन्डोनेसिया–** इन्डोनेसियाबाट अधिकांश महिला तथा बालबालिकासहित १५० जनाभन्दा बढी रोहिंग्या शरणार्थीको उद्धार गरिएको संयुक्त राष्ट्रसंघीय शरणार्थी एजेन्सीले शुक्रबार जनाएको छ । एजेन्सीका अनुसार उनीहरू चढेको डुंगा समुद्रमा केही दिनदेखि फसेको अवस्थामा उनीहरूको उद्धार गरिएको हो ।

मुस्लिम समुदायनिकट रोहिंग्याहरू म्यानमामा पीडित भएकाले हरेक वर्ष हजारौंको संख्यामा मलेसिया इन्डोनेसियालगायतका देशमा पुग्नका लागि खतरापूर्ण समुद्री यात्रा गर्ने गर्छन् । करिब १५२ जना यात्रु बोकेको डुंगा दक्षिण आचेह जिल्लाको तटबाट एक माइल टाढा केही दिनसम्म रहेकिएको थियो । केही दिनपछि अधिकारीहरूले उनीहरूलाई अवतरण गर्न नदिने निर्णय गरेसँगै अन्ततः बिहीबार दिउँसो उनीहरूलाई किनारमा ल्याइएको हो ।

मानव जीवन बचाउने प्रयासका साथै करिब १५२ शरणार्थीलाई अवतरण अनुमति दिएकोमा युएनएचसिआर अधिकारी र स्थानीय समुदायलाई युएनएचसिआरका फैसल रहमानले धन्यवाद दिएका छन् । उनका अनुसार शरणार्थीमध्येका धेरै जना कमजोर महिला तथा बालबालिका थिए जो मानव बेचबिखनको सिकार भएका थिए । इन्डोनेसिया राष्ट्रसंघीय शरणार्थी महासन्धिको हस्ताक्षरकर्ता नभएकाले म्यानमाबाट शरणार्थीहरू लिन बाध्य नभए नि छिमेकी देशहरूलाई बोझ बाँड्न र किनारमा आइपुगेका रोहिंग्याहरूलाई पुनः स्थापित गरी मानवीयता रक्षा गर्न आह्वान गरिएको छ । *रासस⁄एएफपी*

# पाकिस्तानी तालिबानको आक्रमण, १० प्रहरीको मृत्यु

**पेशावर, पाकिस्तान–** पाकिस्तानी तालिबानले अफगान सीमा नजिकैको चेकपोस्टमा गरेको आक्रमणमा १० जना प्रहरी मारिएको अधिकारीहरूले शुक्रबार बताएका छन् ।

'आक्रमणका क्रममा फ्रन्टियर कन्स्टेबुलरीका १० जना जवान सहिद भएका थिए भने सातजना घाइते भएका थिए,' एकजना वरिष्ठ गुप्तचर अधिकारीले बताए । खैबर पख्तुनख्वा प्रान्तको डेरा इस्माइल खान जिल्लामा प्रहरी सहायता बलको चौकीमा करिब २० देखि २५ जना आतंककारीले भारी आक्रमण गरेका थिए । आक्रमण अफगानी सीमाबाट करिब ७० किलोमिटर पूर्वमा भएको थियो ।

सन् २०२१ मा अफगानिस्तानमा तालिबान सत्तामा फर्किएपछि पाकिस्तानले आतंकवादमा वृद्धि देखेको भने पाकिस्तानी तालिबानले प्रायः सुरक्षा फौजलाई लक्षित गरी आक्रमण गर्दै आएको छ । खैबर जिल्लाको अफगान सीमा नजिकै बिहीबार राति गरिएको छुट्टै आक्रमणमा एक जना प्रहरी मारिएका छन् । ऐतिहासिक रूपमा अफगानिस्तानमा जरा भएको पाकिस्तानी तालिबानले अफगानी तालिबानकै विचारधारालाई आत्मसाथ गरेको छ । *रासस⁄एएफपी*

# चक्रवात दानाको अवतरणपछि भारतमा भारी वर्षा



**नयाँदिल्ली–** तीव्र चक्रवाती आँधी दानाको अवतरणपछि पूर्वी भारतीय राज्य ओडिसा र पश्चिम बंगालका तटीय क्षेत्रहरूमा शुक्रबार भारी वर्षा भएको अधिकारीहरूले जनाएका छन् । अधिकारीहरूका अनुसार चक्रवात दानाले ओडिसाको केन्द्रपारा जिल्लाको भितरकनिका र भद्रकको धामराको बीचमा मध्यरातमा अवतरण गरेको थियो ।

करिब १००-११० किलोमिटर प्रतिघण्टाको गतिमा आएको चक्रवातले ओडिसा र पश्चिम बंगालका धेरै क्षेत्रमा रूखहरू ढलाउनुका साथै बिजुलीका तारहरूमा क्षति पुऱ्याएको जनाइएको छ । चक्रवातले केही अत्यावश्यक नागरिक सेवाहरूमा बाधा पुऱ्याएको छ भने बालीलाई क्षति पुऱ्याइ प्रभावित क्षेत्रको जनजीवनमा असर पारेको छ ।

भारतीय मौसम विज्ञान विभाग (आइएमडी) का अनुसार दाना चक्रवातको प्रक्रिया सम्पन्न भइसकेको छ । चक्रवात उत्तर ओडिसा हुँदै उत्तरपश्चिमतर्फ बढ्ने र बिस्तारै कमजोर हुने सम्भावना छ । चक्रवातको अवधिमा सावधानीका लागि बन्द गरिएका भुवनेश्वर र कोलकाताका हवाइ तथा रेल सेवाहरू शुक्रबार बिहानदेखि पुनः सुरु भएको अधिकारीहरूले जनाएका छन् । प्रभावित राज्यका स्थानीय सरकारहरूले करिब १० लाख मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी विद्यालय बन्द गरेको सूचना जारी गरेका थिए ।

प्रभावित राज्यका जिल्लाहरूमा अधिकारीहरूले स्थानीयको सहायताका लागि स्थानीय विपद् व्यवस्थापन कर्मचारी, प्रहरी, चिकित्सा टोली र राष्ट्रिय विपद् प्रतिक्रिया बलका टोलीहरू तैनाथ गरेका थिए । *रासस⁄सिन्ह्वा*

**युएइमा रोजगार** कम्पनी: ZAHRAT KERALA A/C UNITS FIX. CONT. शहर: UAE,D

पुन: स्वीकृत मिति : २०८१/०७/०९ LT. No. 304143 चलानी नं ६०२२७१७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 62 | 0 | 1200 | ४३,९४२ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | STEEL FIXER | 61 | 0 | 1200 | ४३,९४२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १७ गते 2th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HYHIRE INTERNATIONAL PVT. LTD.**
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308 E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com
श्रम ईजाजत नं. 150/056/057

**MAURITIUS मा रोजगार** कम्पनी : LONG BEACH RESORT LTD

पूर्व स्वीकृति मिति २०८१/०३/२९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०९/०९ LT. No. 307305 चलानी नं. ६०२२२३१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Operator | 5 | 0 | 16500 | ४८,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Bartender | 10 | 0 | 16500 | ४८,१३० | | | | | | | |
| 3 | Chef | 5 | 0 | 16500 | ४८,१३० | | | | | | | |
| 4 | Coffee Barista | 3 | 0 | 16500 | ख | | | | | | | |
| 5 | Cook | 10 | 0 | 16500 | ४८,१३० | | | | | | | |
| 6 | Mixologist | 2 | 0 | 16500 | ४८,१३० | | | | | | | |
| 7 | Room Attendant | 15 | 0 | 16500 | ४८,१३० | | | | | | | |
| 8 | Sommelier | 5 | 0 | 16500 | ४८,१३० | | | | | | | |
| 9 | Spa Therapist | 5 | 0 | 16500 | ४८,१३० | | | | | | | |
| 10 | Steward | 10 | 0 | 16500 | ४८,१३० | | | | | | | |
| 11 | Waiter/waitress | 15 | 0 | 16500 | ४८,१३० | | | | | | | |

कम्पनी : AMBRE RESORT LTD

पूर्व स्वीकृति मिति २०८१/०३/२९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०९/०९ LT. No. 307319 चलानी नं. ६०२२२३१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Operator | 5 | 0 | 16500 | ४८,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Bartender | 10 | 0 | 16500 | ४८,१३० | | | | | | | |
| 3 | Chef | 5 | 0 | 16500 | ४८,१३० | | | | | | | |
| 4 | Coffee Barista | 3 | 0 | 16500 | ख | | | | | | | |
| 5 | Cook | 10 | 0 | 16500 | ४८,१३० | | | | | | | |
| 6 | Mixologist | 2 | 0 | 16500 | ४८,१३० | | | | | | | |
| 7 | Room Attendant | 15 | 0 | 16500 | ४८,१३० | | | | | | | |
| 8 | Sommelier | 5 | 0 | 16500 | ४८,१३० | | | | | | | |
| 9 | Spa Therapist | 5 | 0 | 16500 | ४८,१३० | | | | | | | |
| 10 | Steward | 10 | 0 | 16500 | ४८,१३० | | | | | | | |
| 11 | Waiter/waitress | 15 | 0 | 16500 | ४८,१३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३१८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।


प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६६००० | प्रति तोला - ० | प्रति तोला - २०७० |

## नेपालमा ढुक्क भएर लगानी गर्न अर्थमन्त्रीको अनुरोध



■ प्रभाव संवाददाता

**वासिङ्टन डिसी–** उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सूचना प्रविधिको क्षेत्रमा नेपालमा लगानीका पर्याप्त अवसर रहेका र त्यसको आकर्षक प्रतिफल पनि प्राप्त हुने भएकाले ढुक्क भएर लगानी गर्न अन्तर ािष्ट्रिय लगानीकर्तालाई आग्रह गरे ।

अमेरिकी उद्योग वाणिज्य सङ्घले आयोजना गरेको छलफलमा उनले नेपालको भौतिक पूर्वाधार, पर्यटन, कृषि, ऊर्जालगायत क्षेत्रमा लगानी गरेर लाभ लिन अनुरोध गरे । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले नेपालमा जलविद्युत् विकास तथा पर्यटन पूर्वाधार निर्माण क्षेत्रमा लगानीका पर्याप्त अवसर रहेकाले त्यसको उपयोग गर्न अमेरिकी लगानीकर्ताहरूलाई आग्रह गरे ।

छलफलमा बहुराष्ट्रिय कम्पनी गुगल, मेटा, कोकाकोलालगायत प्रतिष्ठित अमेरिकी कम्पनीका प्रतिनिधिको सहभागिता थियो ।

## ठूला आयोजना अगाडि बढाउन लगानी बोर्डसँग छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ठूला जलविद्युत् आयोजनालाई अगाडि बढाउने सम्बन्धमा लगानी बोर्डसँग छलफल गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले जलविद्युत् क्षेत्रका राष्ट्रिय गौरवका आयोजनालाई अगाडि बढाउनका लागि शुक्रबार लगानी बोर्डसँग मन्त्रालयमा छलफल गरेका हुन् ।

मन्त्री खड्काले जलविद्युत् क्षेत्रका राष्ट्रिय गौरवका आयोजना र अन्य आयोजना त्यसको विकास र वर्तमान अवस्थाको बारेमा छलफल गरेको मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रवल अधिकारीले जानकारी दिए ।

बैठकमा अपर कर्णाली जलविद्युत् आयोजना, बूढीगण्डकी जलविद्युत् आयोजना, वेतन कर्णाली जलविद्युत् आयोजना, अरुण तेस्रो जलविद्युत् आयोजना, पश्चिम सेती जलविद्युत् आयोजनाजस्ता आयोजनालाई सञ्चालन तथा विकास गर्नको लागि छलफल भएको थियो । 'ठूला जलविद्युत् आयोजनालाई अगाडि बढाउनका लागि आवश्यकपर्ने लगानी, पूर्वाधार, कानुनी रूपरेखासहित विषयलाई समन्वयनात्मक तवरले अगाडि बढाउन बारेमा छलफल भएको छ,' वरिष्ठ ऊर्जा विज्ञ अधिकारीले भने ।

बैठकमा जलाशययुक्त ठूला जलविद्युत् आयोजना निर्माण गर्दा आवश्यक पर्ने वित्तीय तथा व्यवस्थापकीय पक्षलाई बलियो बनाउँदै अगाडि बढ्नुपर्ने विषयमासमेत छलफल भएको छ । बैठकमा मन्त्रालयका सचिव सुरेश आचार्य, सहसचिव चिरञ्जीवी चटौत, लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली, मन्त्रालयका अर्थ विज्ञ अमित श्रेष्ठलगायतको सहभागिता रहेको थियो ।

### भृकुटीमण्डपमा तिहार 'फ्लोरा एक्स्पो'

**काठमाडौं (प्रस)–** 'तिहारको महोत्सव, फूलको उत्सव' नाराका साथ पाँच दिने तिहार फ्लोरा एक्स्पो-२०८१ भृकुटीमण्डपमा सुरु भएको छ । नर्सरी व्यवसायी सङ्घ, नेपालको आयोजनामा सुरु भएको मेलामा ६५ वटा व्यावसायिक कक्ष राखिएको छ । करिव ३५ हजार मानिसले अवलोकन गर्ने अनुमान गरिएको मेलामा रु ७० लाखको फूल एवं नर्सरी सामानको बिक्री वितरण हुने जनाइएको छ ।

मेलाको उद्घाटन गर्दै वाग्मती प्रदेशका वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिलवालले सामुदायिक वनभित्रका बाँझो जग्गा नर्सरीका लागि दिने गरी आगामी नीति तथा कार्यक्रममा समावेश गरिने प्रतिबद्धता जनाए । पुष्प व्यवसाय प्रवर्द्धनका लागि बजेटको व्यवस्था गरिने समेत उनको वाचा थियो । 'रैथाने जातका लालीगुराँस, सुनगाभालाई पनि विश्वबजारमा लैजाने गरी उत्पादन गरिनुपर्छ, यस्ता उत्पादन निर्यात गरेर युवालाई स्वदेशमै राख्ने वातावरण बनाउन सकिन्छ,' उनले भने ।

## पर्वतारोही पुर्जालाई स्वागत

■ दिपा सुनुवार



**काठमाडौं–** कीर्तिमानी पर्वतारोही निर्मल पुर्जालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भव्य स्वागत गरिएको छ । इन्डोनेसियाको कार्टेन्स्ज पिरामिड हिमालको सफल आरोहण गरी शुक्रबार फर्किएका कीर्तिमानी पर्वतारोही पुर्जालाई विमानस्थलमा व्यवसायी र शुभचिन्तकहरूले विशेष स्वागत गरेका हुन् ।

पुर्जालाई विमानस्थलबाट बौद्धनाथ स्तुपासम्म आयोजकल मोटरसाइकल र्यालीसहित बधाई तथा स्वागत गरेका छन् । पुर्जाले असोज १८ मा तिब्बतको शिशपाङ्मा हिमालको आरोहण गरेका थिए । शिशापाङ्माको आरोहणसँगै बिना अक्सिजन (पुरक अक्सिजन) सबैभन्दा छोटो समयमा १४ वाटै उच्च शिखरहरू आरोहण गर्ने व्यक्ति बन्न पुर्जा सफल भएका हुन यसका साथै पुर्जाले शिशपाङ्माको सफल आरोहण गरी विश्वका आठ हजार मिटर अग्ला १४ वटा हिमालहरू ५० औं पटक आरोहण गर्ने एक मात्र व्यक्ति पनि बन्न सफल भएका हुन् ।

कार्टेन्स्ज पिरामिडको आरोहणसँगै विश्वका आठ हजार मिटर अग्ला १४ वटा शिखरहरू अक्सिजन र पूरक अक्सिजन बिना आरोहण गर्ने र सात महाद्वीपका सात सर्वोच्च शिखरहरूको सफल आरोहण गर्ने विश्वमा एक मात्र व्यक्ति बनेका हुन् । उनले साढे दुई वर्षभित्र १४ वाटै हिमालको बिना अक्सिजन आरोहण गरेका थिए ।

## भरतपुर विमानस्थल विस्तार प्राथमिकतामा

**चितवन (प्रस)–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले भरतपुर विमानस्थल विस्तारका लागि सरकारका तर्फबाट काम भइरहेको बताएका छन् । रोटरी क्लब अफ चितवनको आयोजनामा भरतपुर भ्रमण वर्षको अवसर पारेर शुक्रबार यहाँ आयोजना गरिएको इन्टरनेशनल ह्यारिटेड म्याराथनको समापन समारोहमा उनले भरतपुर विमानस्थल विस्तार र क्षमता बढाउनेतर्फ सरकारले काम गरिरहेको बताएका हुन् ।

भरतपुर विमानस्थललाई रात्रिकालीन उडान गर्नसक्नेगरी उपकरण व्यवस्थापनको काम गर्न सरकार तयार रहेको उनले बताए । उनले भने, 'विमानस्थल विस्तारले पर्यटकको आवागमन पनि बढ्ने छ ।' सबै दृष्टिले केन्द्रमा रहेको यस जिल्लाले पर्यटन क्षेत्रमा निर्वाह गर्नुपर्ने भूमिकालाई महत्वका साथ हेरिने गरिएको मन्त्री पाण्डेले बताए ।

रोटरी क्लबको आयोजनामा गरिएको म्याराथन कार्यक्रमले आपसी एकता, सद्भाव एवं स्वास्थ्यप्रतिको चिन्तनसँगै पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा सहयोग गरेको उनले बताए । स्वास्थ्य व्यक्तिले स्वास्थ्य समाज र मुलुक निर्माण गर्नसक्ने भन्दै यस्ता कार्यक्रमको महत्व धेरै हुने गरेको उनको भनाई थियो ।

कार्यक्रममा भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले जिल्लाको अर्थतन्त्रलाई चलायमान गराउन भ्रमण वर्षको आयोजना गरिएको बताइन् । भ्रमण वर्षमा गरिने भनिएका कार्यक्रममध्ये अहिलेसम्म ५५ वटा कार्यक्रम सम्पन्न भइसकेको भन्दै उनले महानगरपालिकाले पर्यटन प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम गर्दै आएको बताइन् । सो अवसरमा भरतपुर महानगरपालिका उपप्रमुख चित्रसेन अधिकारी, कार्यक्रमका संयोजक राजन पियालगायतले बोलेका थिए ।

## कर्पोरेट

### ग्लोबल आइएमई र दुषित थानी हिमालयनबीच सम्झौता




**काठमाडौं (प्रस) –** ग्लोबल आइएमई बैंक लिमिटेडको ग्राहकलाई दुषित थानी हिमालयन रिसोर्टमा उपलब्ध सेवाहरूमा १५ प्रतिशत छुट पाइने भएको छ । बैंक र रिसोर्टबीच बैंकका ग्राहकहरूलाई उक्त छुट उपलब्ध गराउने समझदारी भएको छ । उक्त समझदारीमा ग्लोबल आइएमई बैंकका प्रमुख बजार व्यवस्थापक दिलिप पोखरेल र दुषित थानी हिमालयन रिसोर्टको सेल्स मेनेजर सम्झना प्रसाईले हस्ताक्षर गरेका छन् ।

समझदारी अनुसार बैंकका ग्राहकहरूले दुषित थानी हिमालयन रिसोर्टमा उपलब्ध सेवाहरू खाना तथा पेय पदार्थ, देभराना स्पा, स्वीमिङ्ग पुल, ज्याक्कुजी, स्टिम र सौनाको प्रयोग वापत भुक्तानीको लागि बैंकको डेबिट तथा क्रेडिट कार्ड र मोबाईल बैंकिङ्ग एयाप ग्लोबल स्मार्ट प्लस प्रयोग गर्दा १५ प्रतिशत निश्चित छुट पाउनेछन ।

ग्लोबल आइएमई बैंक युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै, ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट फरकफरक विधामा समेत ग्लोबल आइएमई बैंक सम्मानित भएको छ । ग्लोबल आइएमई बैंक मुलुकका ७७ वटै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन ।

### माछापुच्छ्रे क्यापिटलको वित्तीय जनचेतना कार्यक्रम

**काठमाडौं (प्रस)–** माछापुच्छ्रे क्यापिटल लिमिटेडले 'विश्व लगानीकर्ता सप्ताह'का अवसरमा लगानीसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरेको छ । बैंकले शुक्रबार आजका युवा विद्यार्थीहरूमा लगानी सम्बन्धी सचेतना प्रदान गर्ने तथा उनीहरूलाई सानो उमेर देखि नै लगानीको महत्व बुझाउनको लागि रामग्राम ५, परासी, नवलपरासी स्थित आदर्श माध्यमिक विद्यालयमा कक्षा १० र ११ मा अध्यनरत विद्यार्थीहरूका साथै विद्यालय व्यवस्थापन समिति, शिक्षक वर्ग, अभिभावक समिति लगायत ९५ जनालाई लगानी तथा वित्तीय जनचेतना सम्बन्धी प्रारम्भिक शिक्षा तथा सचेतना प्रदान गरेको हो ।



कार्यक्रमको यस वर्षको मुख्य अवधारणा बेसिस अफ इन्भेष्टिङ, टेक्नोलोजी एण्ड डिजिटल फाइनान्स एण्ड फ्रड एण्ड क्याप प्रिमेन्सनमा केन्द्रित रहेको कार्यक्रम फलदायी रहेको विद्यालयका प्रधानअध्यापक तथा अन्य सहभागीहरूले जानकारी गराए ।

माछापुच्छ्रे क्यापिटल लिमिटेड पब्लीक लिमिटेड कम्पनीको रूपमा स्थापित धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) कम्पनी हो । माछापुच्छ्रे क्यापिटल लिमिटेडले नेपाल धितोपत्र बोर्ड मार्फत धितोपत्र प्रत्याभूति, लगानी व्यवस्थापन, संस्थागत परामर्श सेवा, निक्षेप सदस्य, सामूहिक लगानी कोषको कोष व्यवस्थापक तथा डिपोजिटरीको इजाजत प्राप्त गरि सेवा प्रदान गरिरहेको छ ।

## दीपावली गर्दा सतर्क रहौं

**दीपावलीको समयमा:**

- मैनबत्ती, दियो तथा विद्युतीय बत्ति प्रयोग गर्दा आगजनी हुनसक्छ,

**त्यसबाट बच्न:**

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- बालबालिकाले भेट्ने गरी दियो, मैनबत्तीलगायतका प्रज्वलनशील पदार्थ नराखौं,
- पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचरमाथि दियो तथा मैनबत्ती नबालौं,
- मैनबत्ती, दियो बालिसकेपछि ननिभेसम्म निगरानी गरौं,
- धेरै विद्युतीय बत्तिको प्रयोग गर्दा ओभरलोडका कारण विद्युत सट भई आगलागी हुनसक्छ,
- एक्सटेन्सन प्लगको क्षमताअनुसार मात्र बत्तिको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनसील वस्तुको प्रयोग नगरौं,

**आगलागीबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ